# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २ | काठमाडौं | शनिबार, १२ वैशाख २०८३ | Prabhab National Daily | Saturday, 25 April 2026 | www .prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


## सुक्खाले बढायो डढेलो र प्रदूषण

- काठमाडौं उपत्यकासहितका क्षेत्रमा वायु प्रदूषण
- वन डढेलोबाट निस्कने धुवाँ र वायुमण्डलमा जमेको धुलोको कणले उपत्यकाको वायु गुणस्तर प्रभावित
- काठमाडौं विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा



■ प्रगति ढकाल

**काठमाडौं–** देशका विभिन्न स्थानमा वन डढेलोका घटना बढ्न थालेका छन् भने काठमाडौं उपत्यकासहितका क्षेत्रमा वायु प्रदूषण पनि वृद्धि हुन थालेको छ । केही दिनयता वर्षा नहुँदा तापक्रम बढ्नुका साथै सुक्खा अवस्था बढेकाले डढेलो र प्रदूषण दुवैमा वृद्धि देखिएको सम्बन्धित निकायको तथ्यांकले देखाएको छ ।

विशेषगरी सुक्खा मौसम र उच्च तापक्रमका कारण सानो फिल्कालेसमेत आगलागी निम्त्याउने जोखिम बढेको वन तथा भूसंरक्षण विभागले जनाएको छ । वन डढेलोबाट निस्कने धुवाँ र वायुमण्डलमा जमेको धुलोको कणले उपत्यकाको वायु गुणस्तरलाई समेत खराब बनाउन थालेको छ ।

वन डढेलोको उच्च जोखिम रहने चैत महिनामा चालु वर्ष भने अघिल्लो वर्षको तुलनामा उल्लेख्य कमी देखिएको थियो । प्रि-मनसुन अवधिमा औसतभन्दा बढी वर्षा भएकाले सुक्खापन कम हुँदा डढेलोका घटनामा गिरावट आएको थियो । तर पछिल्ला दिनहरूमा वर्षा अभावसँगै पुनः सुक्खा बढ्न थालेकाले डढेलोको जोखिम पुनः बढ्ने संकेत देखिएको विज्ञहरूले बताएका छन् ।

वन तथा भूसंरक्षण विभागले उपलब्ध गराएको तथ्यांकअनुसार चैत महिनामा आर्थिक वर्ष २०७८ मा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए । यो संख्या २०७९ मा घटेर २६७ मा झरे पनि २०८० मा २४९ र २०८१ मा पुनः बढेर ३३१ पुगेको थियो । चालु आर्थिक वर्ष २०८२ मा भने ७९ वटामात्रै घटना दर्ता भए, जसलाई विज्ञहरूले मौसमीय अवस्थासँग जोडेर हेरेका छन् । प्रिमनसुन अवधिमा भएको राम्रो वर्षाका कारण अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा उल्लेखनीय गिरावट आएको थियो ।

वन तथा भूसंरक्षण विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार वैशाखको पहिलो सातादेखि नै देशभर डढेलोका घटना पुनः बढ्दो क्रममा देखिएका छन् । विभागको तथ्यांकले वैशाख ६ देखि ९ गतेसम्मको दैनिक विवरण सार्वजनिक गर्दै चार दिनमै १०२ वटा डढेलोका घटना दर्ता भएको जनाएको छ ।

विभागका अनुसार सबैभन्दा बढी डढेलो घटना दाङमा १७ वटा दर्ता भएका छन् । त्यसपछि कपिलवस्तुमा १४, नवलपुरमा नौवटा डढेलोको घटना भएका छन् । सल्यान, सुर्खेत तथा कैलालीलगायतका जिल्लामा पनि उल्लेख्य संख्यामा डढेलोका घटना देखिएका छन् ।

तथ्यांकअनुसार केही जिल्लामा डढेलोको 'विश्वसनीयता स्तर' (६० प्रतिशतभन्दा बढी) उच्च रहेको छ । विशेषगरी कैलालीमा १२, डोटीमा ११, अर्घाखाँचीमा सात, गुल्मीमा छ र पाल्पामा पाँचवटा उच्च विश्वसनीयताका घटना देखिएको विभागले जनाएको छ ।

त्यस्तै यस अवधिमा संरक्षित क्षेत्रभित्र पनि डढेलोको जोखिम कायम रहेको छ । चितवन राष्ट्रिय निकुञ्जमा सबैभन्दा बढी २३ वटा घटना दर्ता भएका छन् भने पर्सा राष्ट्रिय निकुञ्जमा १० र बाँके राष्ट्रिय निकुञ्जमा नौवटा डढेलोका घटना देखिएका छन् । बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलगायतका क्षेत्रमा पनि डढेलो फैलिएको विवरणमा उल्लेख छ । संरक्षित क्षेत्रतर्फ कूल ५७ वटा डढेलोका घटना र ३३ वटा उच्च विश्वसनीयताका घटना रेकर्ड भएका छन् । त्यसैगरी, बुधबारदेखि बिहीबारसम्म मात्र १५ वटा वन डढेलोको घटना भएको विभागको तथ्यांकमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

## सुकुमबासी बस्ती हटाउन आजदेखि डोजर चलाउँदै सरकार

### त्रासमा केहीले शुक्रबार नै छाडे बस्ती



अतिक्रमणकारी र सुकुमबासी छुट्याउने नै छौं । देशभरका वास्तविक सुकुमबासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं । वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्ने छ ।

**वालेन्द्र शाह**
प्रधानमन्त्री



हामी प्रहरी लगाएर जबरजस्ती डोजर चलाउँदैनौ । बल प्रयोग गर्ने योजना पनि छैन । नेपाल सरकार, जिल्ला प्रशासन र काठमाडौं महानगरले सुरक्षितरूपमा बस्ती स्थान्तरण गर्न लागिएको हो ।

**सस्मित पोखरेल**
प्रवक्ता, नेपाल सरकार

सर्वोच्च अदातलबाट भएका आदेशको कार्यान्वयन गर्दै वास्तविक सुकुमबासीको पहिचान एवं आवश्यक व्यवस्थापन गरी अतिक्रमित जग्गाका घरटहरा खाली गराउने क्रममा अत्यधिक बलको प्रयोग नगर्नू/नगराउनू ।

**राष्ट्रिय मानवअधिकार आयोग**



तस्बिर सौजन्य: नेपाल फोटो लाइब्रेरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आज र भोलि काठमाडौंका थापाथली, गैरीगाउँ र जडीबुटीस्थित मनहरा खोला किनारको सुकुमबासी बस्तीमा डोजर चलाउने भएको छ । सरकारको निर्देशनसँगै जिल्ला प्रशासन कार्यालय काठमाडौंले आज बिहानदेखि काठमाडौंका तीन स्थानको सुकुमबासी बस्तीको टहरा भत्काउने निर्णय गरेको हो ।

वर्षात्को समय सुरु हुन लागेकोले विपद्बाट जोगाउन पूर्वतयारीका लागि ती बस्ती हटाउन लागिएको सरकारका प्रवक्ता सस्मित पोखरेलले बताए । 'तीनवटा सुकुमबासी बस्ती जहाँ विगतमा बाढी आएर पीडित बन्दै आएका छन् । अहिले पनि बर्खा लाग्न थालेको छ । ती ठाउँबाट सेफ ठाउँमा हामीले सार्न लागेको हो । यो विपद्को पूर्वतयारी हो,' सरकारका प्रवक्ता पोखरेलले भने ।

बस्तीमा डोजर चलाउँदा बल प्रयोग नहुनेसमेत पोखरेलले दाबी गरे । 'हामी प्रहरी लगाएर जबरजस्ती डोजर चलाउँदैनौ । बल प्रयोग गर्ने योजना पनि छैन । यसमा नेपाल सरकार, जिल्ला प्रशासन र काठमाडौं महानगर स्थान्तरण गर्न लागेका हौं,' उनले भने । सरकारले सुकुमबासीलाई सुरक्षित स्थानमा सारेपछि वर्गीकरण गरेर स्थान्तरणसमेत गर्ने पोखरेलले जनाए ।

काठमाडौंका नदी किनाराका सुकुमबासी बस्ती बिहीबार ७:०० बजेसम्ममा खाली गर्न जिल्ला प्रशासन कार्यालय र काठमाडौं महानगरपालिकाले सूचना जारी गरिसकेका छन् । बुधबारबाट प्रशासनले तीनै स्थानमा बस्ती खाली गर्न माइकिङसमेत गरिसकेको छ । 'वैशाख १२ गते बिहान ६ बजेबाट घर टहरा भत्काउँदा र अतिक्रमित जग्गा खाली गराउँदा अवरोध सिर्जना गरेमा कडा कारबाही भई जाने छ,' प्रशासनले माइकिङ गर्दै भनेको छ ।

सरकारले ती बस्तीमा डोजर चलाउन भन्दै बिहीबार काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले जिल्ला सुरक्षा समितिको बैठकमा छलफल गरेसँगै काठमाडौं महानगरकी कार्यवाहक प्रमुख सुनिता डंगोल र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंसँग पनि छलफल गरेका थिए ।

### बस्तीमा त्रास, चौतर्फी विरोध

सुकुमबासी बस्तीमा सरकारले डोजर चलाउने भएपछि चौतर्फी विरोध सुरु भएको छ । थापाथलीकी एक महिलाले आफूहरू गरिब हुँदा राज्यले अपराधी करार गरेको बताइन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## पश्चिम एसियामा रहेका नेपालीहरूको विवरण संकलन गरिने

- कन्सुलर सेवा विभागले संकलन गरिरहेको छ । उक्त पोर्टललाई नियमित कार्यको रूपमा निरन्तरता दिने निर्णय
- पश्चिम एसिया क्षेत्रमा रहेका सबै नेपालीहरूलाई आफ्नो विवरण दर्ता गराउन आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले पश्चिम एसियाका विभिन्न श्रम गन्तव्यमा रहेका नेपालीहरूको विवरण संकलन गर्ने भएको छ । उक्त क्षेत्रको द्वन्द्वका कारण नेपाल फर्किन चाहनेहरूको विवरण परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागले संकलन गरिरहेको छ । उक्त पोर्टललाई नियमित कार्यको रूपमा निरन्तरता दिने निर्णय भएको मन्त्रालयले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

परराष्ट्रमन्त्रीको संयोजकत्वमा गठित उच्चस्तरीय अन्तरमन्त्रालय कार्यदलको बैठकबाट उक्त निर्णय भएको मन्त्रालयका सहसचिव रामजी खड्काले बताए । सो क्षेत्रमा रहेका सबै नेपालीहरूलाई आफ्नो विवरण दर्ता गराउन पनि उनले अनुरोध गरे । 'पश्चिम एसियास्थित विभिन्न मुलुकमा रहेका नेपालीको विवरण दर्ता गर्न कन्सुलर सेवा विभागले कार्यान्वयनमा ल्याएको रजिस्ट्रेसन पोर्टलमा भइरहेको दर्ताको कार्यलाई स्थायी संरचना र नियमित कार्यको रूपमा निरन्तरता दिने र यसका लागि नयाँ सूचनासमेत जारी गर्ने निर्णय भएको छ,' उनले भने, 'पश्चिम एसियामा रहेका सम्पूर्णलाई नियमित रूपमा आफ्नो विवरण दर्ता गराइदिनुहुन अनुरोध गर्दछु ।'

पश्चिम एसियाका विभिन्न मुलुकमा १७ लाख २९ हजारभन्दा बढी नेपाली कार्यरत रहेको तथ्यांक छ । हालसम्म ८७ हजार ८१९ जनाले उक्त क्षेत्रबाट आफ्नो विवरण दर्ता गराएको मन्त्रालयले जनाएको छ । यो संख्या पछिल्ला दिनहरूमा न्यून हुँदै गएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए । 'कन्सुलर विभागद्वारा सञ्चालित अनलाइन दर्ता प्रणालीमा हालसम्म ८७ हजार ८१९ जनाले नाम दर्ता गराएकामा पछिल्लो १५ दिनमा जम्मा २५० जनाजतिलेमात्र फाराम भर्नुभएको छ । यो संख्या निकै घट्दै गएको देखिन्छ,' प्रवक्ता क्षेत्रीले भने ।

युद्ध सुरु भएयता खाडी राष्ट्रहरूबाट नाम टिपाउने र नटिपाउने सबै गरेर ३० हजार जना नेपाली स्वदेश फर्किएको जनाइएको छ । जसमा सबैभन्दा धेरै कतारबाट २१-२२ हजार जना फर्किएको तथ्यांक प्राप्त भएको मन्त्रालयले जनाएको छ । सो क्षेत्रमा हालसम्म एक जना नेपालीको मृत्यु भएको छ । सोही द्वन्द्वमा खाडी क्षेत्रका २८ नेपाली घाइते भएका थिए ।

इरानको नियन्त्रणमा रहेका नेपालका अमृत झा रिहा हुन केही दिन लग्ने पनि प्रवक्ता क्षेत्रीले बताए । उनी हाल बन्दर अब्बास भन्ने स्थानमा छन् । उनको रिहाइको विषयमा आवश्यक पहल भइरहेको मन्त्रालयले जनाएको छ । 'उनी रहेको पानीजहाजको विषयमा एक चरणको फैसला भइसकेको छ,' क्षेत्रीले भने, 'यद्यपि इरानको हालको विषम् अवस्था र त्यहाँको न्यायिक प्रणालीअन्तर्गत केही काननीप्रक्रिया अझै पूरा गर्न बाँकी रहेकाले यो विषय टुंगिन केही समय लाग्नसक्ने देखिन्छ । यस विषयमा सरकारले विभिन्न तहमा पहल जारी राखेको छ ।'

क्रमशः पृष्ठ २ मा


VACANT

अर्जेन्ट आवश्यकता

अफिस सेक्रेटरी – २ जना (महिला)
रिसेप्सनिस्ट – २ जना (महिला)

योग्यता तथा अनुभव :

- मेनपावर क्षेत्रमा कम्तीमा १ देखि २ वर्षको अनुभव भएको अनिवार्य ।
- जिम्मेवार, अनुशासित तथा सेवामुखी व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

तलब सुविधा :

रू. २०,००० देखि ३०,००० सम्म (अनुभव अनुसार)

इच्छुक उम्मेदवारहरूले आजै सम्पर्क गर्नुहोस् !

Nepal HR Solution
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal
Tel: 01-01-4593555/4593554,
Mobile : 9852651444, E-mail : snepalhr@gmail

पृष्ठ १ बाट क्रमशः

## सुकुमबासी...

'हाम्रो वस्तीमा डोजर चलाउनुभन्दा प्रधानमन्त्री बालेन र मेयर सुनिता डंगोल आउनुस् । हामीलाई जता लानुपर्छ लानुस् हामी पछिपछि लाग्छौं,' ती महिलाले भनिन् । डोजर चल्ने भएपछि आफ्नो बालबालिका त्रसित भएको उनको भनाइ छ ।

सरकारको निर्णयपछि केही सुकुमबासीले भने बस्ती छाडेर निस्कन थालेका छन् । उनीहरू कहाँ जाने भन्नेबारेमा केही भनिएको छैन । केही भने जाने ठाउँको टुंगो नलागेर अन्योलमा रहेको देखिन्छ ३० वर्षदेखि थापाथलीमा बस्दै आएकी सरिता राईले बताइन् । काठमाडौंमा कोठा खोज्दासमेत नपाइने उनको भनाइ थियो । 'हिजोदेखि खाना खान मन लागेको छैन, निद्रा लागेको छैन । आमा प्यारालाइसिसको बिरामी हुनुहुन्छ । सरकारले कहाँ लगेर राख्ने हो थाहा छैन,' राईले भनिन् ।

कोही भने यो ठाउँ नछाड्ने अडान कस्दै आएका छन् । यसबारे ध्यानाकर्षणपत्र बुझाउन संयुक्त राष्ट्रिय सुकुमबासी मोर्चा नेपाल राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय कार्यालय पुगेको थियो । मोर्चाका महासचिव अर्जुन कुँवरले सबैलाई 'अलर्ट'मा रहन आग्रह गर्दै सरकारको 'एक्सन'अनुसार आफूहरू प्रतिक्रियामा उत्रने बताए ।

चौतर्फी विरोधपछि प्रधानमन्त्री वालेन्द्र शाहले मनवीयतालाई ख्याल गर्दै सुरक्षित स्थान्तरण गर्ने बताएका छन् । 'नदी र खोला किनारमा रहेका यस्ता बस्तीहरूका कारण ढल निकास प्रणाली निर्माणमा अवरोध पुग्दा उपत्यका नै फोहोर र नदीखोलाहरू दुर्गन्धित भइरहेका छन् । यो स्थानान्तरणले काठमाडौंको ढल निकास प्रणालीलाई सहज बनाउने छ । यी विविध कारणले नै थापाथली, गैरीगाउँ अनि मनोहरालगायत काठमाडौंका खोला किनारमा जोखिमपूर्ण अवस्थामा रहेका उहाँहरूलाई बल प्रयोग नगरी, मानवीयतालाई ख्याल गर्दै सुरक्षित रूपमा स्थानान्तरण गर्न लागिएको हो,' शुक्रबार फेसबुकमा प्रधानमन्त्री शाहले लेखेका छन् । शाहले अतिक्रमणकारी र सुकुमबासीसमेत छुट्याउने बताएका छन् । 'अतिक्रमणकारी र सुकुमबासी छुट्याउने नै छौं । देशभरका वास्तविक सुकुमबासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं । वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्नेछ । ढुक्क हुनुहोस् ।'

विभिन्न संघसंस्थाले पनि उचित स्थान्तरणबिना बस्ती हटाउन लागेको भन्दै विरोध जनाएको छ । राष्ट्रिय मानवअधिकार आयोगले वास्तविक सुकुमबासीको पहिचान गरी आवश्यक व्यवस्थापन गर्न सरकारलाई पत्रचार गरेको छ । 'आयोगका सिफारिस र सर्वोच्च अदातलबाट भएका आदेशको कार्यान्वयन गर्दै वास्तविक सुकुमबासीको पहिचान एवं आवश्यक व्यवस्थापन गरी अतिक्रमित जग्गाका घरटहरा खाली गराउने क्रममा अत्यधिक बलको प्रयोग नगर्न/नगराउन र संयमित हुन नेपाल सरकारसँग आग्रह गर्दछ,' आयोगले भनेको छ ।

आयोगले विगतमा गरेका सिफारिसको कार्यान्वयन भए/नभएका सम्बन्धमा जानकारी माग गर्दै आजै नेपाल सरकारलाई पत्राचार गरेको आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले जानकारी दिए । 'आयोगबाट २०६९ जेठ १ गते वास्तविक सुकुमबासीको पहिचान गरी निजहरूको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुमबासी व्यवस्थापन गर्ने, अन्य अवैध संरचना हटाउन सिफारिस गर्ने निर्णय भएको थियो,' काफ्लेले भने ।

यसैबीच प्रहरीले सुकुमबासी मोर्चाका कार्यवाहक अध्यक्ष नारायण परियारलाई नियन्त्रणमा लिएको छ । परियारलाई बैंकिङ कसुरसम्बन्धी मुद्दाको अनुसन्धानका लागि शुक्रबार काठमाडौंबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले बताए ।

### सर्वोच्चमा रिट

काठमाडौंका विभिन्न नदी किनारा र सार्वजनिक स्थानमा बनाइएका बस्ती खाली गर्नलागिएको विषयविरूद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ । गोपाल रनपहलीसहित ११ जनाले सुकुमबासीलाई बस्ती खाली गर्न लगाइएको विषयविरूद्ध रिट निवेदन दायर गरेको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिए ।

रिट निवेदनमा काठमाडौं उपत्यका तथा देशैभरिका नदी किनार वा जुनसुकै स्थानका सुकुमबासी बस्तीका भूमिहीन परिवारको पहिचान, प्रमाणीकरण र वैकल्पिक व्यवस्था नगरी कुनै पनि परिवारलाई हटाउने, उठाउने, विस्थापित गर्ने वा कुनै पनि किसिमको जबर्जस्ती कारबाही नगर्नू/नगराउनू भनिएको छ ।

### चरणबद्ध रूपमा स्थान्तरण गरिने

सरकारले वास्तविक सुकुमबासीलाई सुरक्षित स्थानान्तरण गर्ने तयारका साथ आवश्यक प्रक्रिया अगाडि बढाउने भएको छ । उपत्यकाभित्रको अव्यवस्थित बस्ती हटाउने विषयमा सहरी विकासमन्त्री सुनील लम्सालको अध्यक्षमा मन्त्रालयमा बसेको विभिन्न निकाय र सरोकार भएका पक्षको बैठकले बस्ती खाली गराउने सन्दर्भमा माइकिङ गरिसकेपछि सुरक्षित आश्रयस्थलसम्म लैजाने निर्णय गरेको हो ।

बैठकले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी भएको सूचनाबमोजिम प्रचारप्रसारका कार्यहरू गर्ने, बस्ती खाली गर्ने सन्दर्भमा माइकिङ गर्दै पूर्वसूचना दिँदै संरचना भत्काउनुपूर्व ती स्थान खाली गराउनेतर्फ जोड दिने निर्णय गरेको छ । 'मानवीय सहयोग उपलब्ध गराउँदै सामानको ढुवानी, अशक्त, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती, सुत्केरी, वृद्धवृद्धा र दीर्घरोगीलाई प्राथमिकताका साथ उद्धार गरी सुरक्षित रूपमा तोकिएको आश्रयस्थलसम्म वा आवश्यकतानुसार अस्पतालसम्म पुऱ्याउने व्यवस्था मिलाउने निर्णय भएको छ,' निर्णयमा भनिएको छ ।

यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक एम्बुलेन्स, चिकित्सकको समूह (मेडिकल टिम) को समेत व्यवस्था गर्ने र सामान ढुवानीका लागि आवश्यक पर्ने सवारीसाधन र मानिसलाई सुरक्षितस्थलसम्म लिएर जान सवारीसाधनको बन्दोबस्त गृह मन्त्रालयको समन्वयमा गर्ने निर्णय भएको छ ।

यसैगरी बस्तीहरूबाट मानिसहरूलाई पहिलो आश्रयस्थलमा ओसारपसार गरेपछि उक्त स्थलमा खाना, खाजा, पानीको व्यवस्था काठमाडौं महानगरपालिकाले गर्ने र मेडिकल टिमसहितको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने मन्त्रालयले निर्णय गरेको मन्त्री लम्सालको सचिवालयले जनाएको छ । 'पहिलो आश्रयस्थलबाट तोकिएका विभिन्न स्थलमा लगेर अल्पकालीन रूपमा बसोबासको प्रबन्ध मिलाइनेछ । उक्त स्थानमा आवश्यक पर्ने दैनिक उपभोग्य सामग्री, पानीलगायत अत्यावश्यक सामग्री आपूर्ति व्यवस्था मिलाउने कार्य सहरी विकास मन्त्रालयले गर्नेछ', निर्णयमा भनिएको छ, 'यसरी व्यवस्थापन गरिएका बसोबासका क्षेत्रमा प्रत्येक परिवारका लागि प्रमाणीकरण गरिने र निजहरूलाई फोटोसहितको परिचयपत्र वितरण गरिने छ । प्रमाणीकरण हुन नसकेका व्यक्तिलाई क्रमशः उक्त स्थानबाट बिदा गर्ने कार्य सहरी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिने छ ।'

निर्णयअनुसार बस्ती खाली भइसकेपछि उक्त स्थानको भत्केका संरचनाहरू हटाउने, टयाक खोल्ने र अन्य आवश्यक पूर्वाधार तयारी गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास मन्त्रालयले तत्काल सुरु गर्नेछ । अग्रपङ्क्तिमा रही माइकिङ गर्ने, सूचना दिने, बस्ती खाली गराउने तथा मानवीय सहायताका लागि आवश्यक पर्ने व्यक्तिको पहिचानलगायत कार्य काठमाडौं महानगरपालिकाले गर्ने र यसका लागि आवश्यक सुरक्षा प्रबन्ध जिल्ला सुरक्षा समितिले मिलाउने निर्णय भएको सहरी विकासमन्त्री लम्सालको सचिवालयले जनाएको छ ।

सचिवालयका अनुसार सहरी विकासमन्त्री लम्साल संयोजक र काठमाडौं महानगरपालिकाका प्रमुख, गृह मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, सहरी विकास मन्त्रालयका सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित विषय हेर्ने सचिव सदस्य रहनेगरी समिति गठन गर्ने निर्णय भएको छ ।

गठन भएका केन्द्रीय समन्वय समितिको अधिनमा रही सम्बन्धित मन्त्रालय, निकायरूबाट आ-आफ्ना क्षेत्रगत विषयलाई तत्काल कार्यान्वयनमा लैजान कार्यान्वयन समिति 'एक्सन टिम' बनाई तोकिएबमोजिमका काम गर्ने र सोको नियमित जानकारी केन्द्रीय समन्वय समितिलाई उपलब्ध गराउने निर्णय भएको छ ।

सचिवालयका अनुसार बस्ती खाली गर्ने/गराउने क्रममा सुरक्षाकर्मी परिचालन एवं आश्रयस्थलमा व्यवस्थापन र पुनर्वास गर्दा प्रत्येक चरणमा ती क्षेत्रमा आउनसक्ने सम्भावित समस्या र आवश्यक पर्ने साधनस्रोतको माग जिल्ला प्रशासन कार्यालय काठमाडौंमार्फत भएको खण्डमा तत्काल सम्बन्धित निकायबाट उपलब्ध गराउने निर्णय भएको छ ।

■■■

## सुक्खाले...

वन तथा भूसंरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले पछिल्ला दिनमा डढेलोका घटना फेरि बढ्न थालेको बताए । 'अस्तिबाट डढेलोको घटना बढेको छ,' उनले भने, 'मनसुनले केही समय साथ दिएको थियो, तर अहिले पुनः सुक्खा अवस्था छ । सुक्खा भएका कारण सानो झिल्काले पनि आगो लाग्ने जोखिम उच्च छ ।'

प्रधानका अनुसार यदि निकट भविष्यमा वर्षा नभए डढेलोको जोखिम अझै बढ्न सक्ने छ । 'अब पानी नपरेमा डढेलो थप फैलिन सक्छ,' उनले भने । महानिर्देशक प्रधानले बढ्दो तापक्रम, सुक्खा मौसम र मानवीय असावधानीलाई डढेलोका मुख्य कारणका रूपमा औंल्याउँदै सचेतना र पूर्वतयारी बढाउन आवश्यक रहेको बताए ।

विभागकै वन अधिकृत विजय ढकालले डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच समन्वय आवश्यक रहेको बताए । वन क्षेत्रमा आगो लगाउने, खरानी फाल्ने वा असावधानीपूर्वक आगो प्रयोग नगर्न सर्वसाधारणलाई आग्रह गरिएको छ ।

नेपाल वन प्राविधिक संघ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताए । 'जहाँ व्यवस्थितरूपमा वन व्यवस्थापन गरिएको छ, त्यहाँ डढेलोका घटना न्यून देखिएका छन्, तर व्यवस्थापन अभाव भएका क्षेत्रमा डढेलोको समस्या जटिल बन्दै गएको छ,' उनले भने ।

### डढेलोसँगै बढ्यो वायु प्रदूषण

देशका विभिन्न स्थानमा बढ्दै गएको डढेलोको असर काठमाडौं उपत्यकाको वायुमण्डलमा स्पष्ट देखिन थालेको छ । पछिल्ला दिनमा वर्षा अभाव र सुक्खा मौसमका कारण डढेलोका घटना बढेसँगै उपत्यकामा वायु प्रदूषण पनि तीव्ररूपमा वृद्धि भएको हो ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई)का अनुसार मंगलबार दिउँसो करिब ९२ को हाराहारीमा रहेको वायु गुणस्तर सूचकांक शुक्रबार बढेर १९६ पुगेको छ । यससँगै काठमाडौं विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा सूचीकृत भएको छ । बिहीबार भने एक्युआई अझै बढेर २४७ पुगेको थियो, जुन 'अत्यन्त अस्वस्थ' तहमा पर्छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षा नहुनु, हावाको गति कम हुनु र तापक्रम बढ्नुजस्ता मौसमी अवस्थाले प्रदूषित कणहरू वायुमण्डलमै थुप्रिएको र उपत्यकामा वायु प्रदूषण बढेको जानकारी दिए । वातावरण युवा अभियन्ता राजन थापाले डढेलोबाट निस्कने धुवाँ, धुलो तथा सुक्ष्म कण (पिएम २.५)ले वायुमण्डललाई गम्भीररूपमा प्रदूषित बनाउने जानकारी दिए । देशभर फैलिएको वायु प्रदूषणको अवस्थाबारे टिप्पणी गर्दै थापाले पछिल्लो तथ्यांकले व्यापक र गम्भीर प्रदूषणको अवस्था देखाएको बताएका छन् ।

एक्युआईको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो,' ५१-१०० 'मध्यम,' १०१-१५० 'अस्वस्थ,' १५१-२०० 'सबैका लागि अस्वस्थ,' २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ । स्वास्थ्य विज्ञहरूले प्रदूषण बढेको समयमा विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्तिहरूलाई अत्यावश्यकबाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र सुरक्षित रहन सुझाव दिएका छन् ।

### अझै केही दिन सुक्खा

जल तथा मौसम विज्ञान विभागकी मौसमविद् बिनु महर्जनका अनुसार देशका विभिन्न भागमा देखिएको तुवाँलो र तातो मौसम क्रमिकरूपमा सुधार हुने संकेत देखिए पनि पूर्णरूपमा हट्न भने अझै केही दिन कुर्नुपर्ने भएको छ । 'आइतबारदेखि मौसममा सुधार देखिन थाले पनि तुवाँलो पूर्णरूपमा हट्नका लागि बुधबारसम्म प्रतीक्षा गर्नुपर्ने छ,' उनले भनिन्, 'अर्को सातादेखि मात्रै राम्रो वर्षा हुने सम्भावना छ, वन डढेलो र प्रदूषण नियन्त्रणमा सहयोग गर्न सक्छ ।'

विभागका अनुसार शुक्रबार पनि मधेस प्रदेशसहित बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र, उपत्यका तथा खोँचहरूमा 'तातो दिन'को अवस्था कायम रहे सम्भावना रहेको विभागले जनाएको छ । विशेषगरी लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा 'तातो हावाको लहर' (लु) चल्ने जोखिमसमेत रहेको छ । मौसमविद्हरूले उच्च तापक्रम र तुवाँलोको असरबाट जोगिन आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेका छन् । रासस

■■■

## पश्चिम एसियामा...

इरानमा रहेका ११ जना नेपालीहरूमध्ये १० जना तेहरानमा रहेको मन्त्रालयले जानकारी गराएको छ । जसमध्ये दुई जना नेपाल फर्कने क्रममा रहेको र बाँकी आठ जना नेपाल फर्कन नचाहेको जानकारी गराइएको बुझिएको छ ।

यस्तै मन्त्रालयकाअनुसार दक्षिणपूर्वी एसियामा सञ्चालित अनलाइन स्क्यामिङ केन्द्रहरूबाट गत वैशाख १० गतेसम्ममा कूल ६१२ जनाको उद्धार भएको छ । जसमध्ये कम्बोडियाबाट ४८७, म्यान्मारबाट १११, लाओसबाट आठ र थाइल्याण्डबाट छ जनाको उद्धार भएको छ । थप ५३ जनाको यथाशीघ्र स्वदेश फिर्तीको तयारी भइरहेको जनाइएको छ ।

सन् २०२१ यता विभिन्न उद्देश्यले कम्बोडिया भ्रमणका लागि जाने नेपालीको संख्या २१ हजार पुगिसकेको देखिन्छ । जसमध्ये धेरै जना यस्ता स्क्यामिङ केन्द्रहरूमा गएको हुनसक्ने अनुमान गरिएको छ । कम्बोडिया सरकारले हालै थप नौ जना नेपालीलाई विभिन्न आपराधिक क्रियाकलापमा संलग्न रहेको आरोपमा पक्राउ गरेको छ । जसमध्ये पाँच जनालाई संगठित ठगीको कसुरमा कानुनी कारबाहीका लागि प्रक्रिया अघि बढाइएको र चार जनालाई अनुसन्धानका लागि थुनामा राखेर अदालतमा पेस हुनेगरी कार्य भइरहेको जनाइएको छ ।

# नागरिकता त्यागेका १७ चिकित्सकको लाइसेन्स खारेज

**काठमाडौं (प्रस)**– नेपाल मेडिकल काउन्सिलले एकैपटक १७ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ ।

काउन्सिलले नेपाली नागरिकता परित्याग गरेका १७ जना चिकित्सकको लाइसेन्स दर्ता खारेज गरेको काउन्सिलका रजिस्ट्रार डा. सतिशकुमार देवले जानकारी दिए । उनले नेपाली नागरिकता त्यागी विदेशी राहदानी लिएका ती चिकित्सकको लाइसेन्स खारेज गरिएको बताए । उनले ती चिकित्सकको दर्ता किताबबाट नाम हटाइएको बताए ।

'नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ती १७ जना चिकित्सकको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेज गर्ने निर्णय गरिएको छ,' उनले भने ।

उनका अनुसार यसरी लाइसेन्स खारेजीमा पर्ने चिकित्सकहरूमा डा. शर्मिला गुरुङ, डा. रोशन भुसाल, डा. मोती गुरुङ, डा. देवराज रेग्मी, डा. मेरिना गुरुङ, डा. नीरञ्जनदेव पाण्डे, डा. रोजन केसी, डा. ममता गुरुङ, डा. राजीव हमाल, डा. सलुजासिंह थारुलगायत रहेका छन् । यस्तै डा. सुजना केसी, डा. जोस्ना शाही, डा. मनिषा हमाल, डा. सुप्रिया शाक्य, डा. इच्छा न्यौपाने, डा. दीपेन ढकाल र डा. तुसार सरवजना रहेका छन् ।

ती लाइसेन्स खारेज गरिएका चिकित्सकले ब्रिटिस, अमेरिकी, पोर्चुगाली, क्यानडियन, भारतीय, अस्ट्रेलियन, हङकङलगायत देशको नागरिकता लिएका पाइएको छ ।

# अपांग महासंघको कार्यसमिति तत्काल विघटन गर्न माग

**काठमाडौं (प्रस)**– राष्ट्रिय अपांग महासंघ नेपालको गत चैत २७ र २८ गते रूपन्देही महाधिवेशनबाट चयन गरिएको अवैधानिक कार्यसमिति तत्काल विघटन गरी सर्वपक्षीय तदर्थ समिति गठन गर्न माग गरिएको छ ।

महाधिवेशन प्रतिनिधिहरूले गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाउँदै उक्त नयाँ कार्यसमिति तत्काल विघटन गर्न माग गरेका हुन् ।

ध्यानाकर्षणपत्रमा आर्थिक तथा प्रशासनिक अनियमितताामाथि उच्चस्तरीय छानबिन गर्नुपर्ने, जालसाजीपूर्ण निर्वाचन प्रक्रिया बदर गरी दोषी देविदत्त आचार्यलगायतमाथि मुलुकी अपराध संहिता, २०७४ बमोजिम कारबाही गर्नुपर्ने, कार्यक्रमस्थलको सिसिटिभी फुटेज सुरक्षित राखी अनुसन्धान अगाडि बढाउनुपर्ने माग गरिएको छ ।

ध्यानाकर्षणपत्रमा घटनामा संलग्न देविदत्त आचार्य, जोगबहादुर खत्री तथा सम्बन्धित प्रहरी अधिकारीहरूमाथि विशेषगरी अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ५३ र ५५ बमोजिम कारबाही गर्नुपर्ने, विगतका आर्थिक तथा प्रशासनिक अनियमितताामाथि समेत उच्चस्तरीय छानबिन गर्नुपर्ने रहेको छ ।

महाधिवेशनमा प्रहरी, बाउन्सर, स्वयंसेवक तथा पर्यवेक्षकको नाममा राखिएका व्यक्तिबाट अपांगता भएका व्यक्तिहरूलाई कुटपिट अमानवीय व्यवहार तथा मानवअधिकारकोसमेत उल्लंघन गरेको हुँदा उक्त घटनाको अध्ययन गर्न छानबिन समिति गठन गरी दोषीउपर कडाभन्दा कडा कारबाही गर्न माग गरिएको छ ।महासंघका वरिष्ठ उपाध्यक्ष रामबहादुर कार्कीले असंवैधानिक रूपमा चयन गरिएको नयाँ कार्यसमितिलाई तत्काल कामकारबाही रोकी अपांगता भएका व्यक्तिहरूलाई कुटपिट गर्नेलाई कडा कारबाही गर्न माग गर्दै ध्यानाकर्षणपत्र बुझाएको बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना**

यस कार्यालयमा मितिः २०७५/११/२३ मा दर्ता भएको प्रा.लि.नं. २१०२१७ को **वि.एस.फोर ग्रुप प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/१/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १५६ को १५८४.७६ घनफिट काठ र साल जातको दाउरा २.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**लोकप्रिय सामुदायिक वन उपभोक्ता समूह**
**बागमती -४, मकवानपुर**

**नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लि.**
**त्रिपुरेश्वर-११, काठमाडौं, नेपाल,**
**सम्पर्कः ०१-४२५१२०५, ४१०१००१**

**वार्षिक साधारण सभा हुने बारेको सूचना**

प्रकाशित मिति : २०८३/०१/१२

यस नेपाल लायन बहुउद्देशिय सहकारी संस्था लिमिटेडको संचालक समितिको हालैको बैठकको निर्णय बमोजिम आ.व.२०७९/०८० २०८०/०८१ र २०८१/०८२ को वार्षिक साधारण सभा यस संस्थाको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा निम्न मिति स्थान र समयमा हुने हुँदा उल्लेखित वार्षिक साधारण सभामा उपस्थित हुन हुन यस संस्थाको सम्पूर्ण शेयरधनी सदस्यज्यूहरू, संचालक समिति तथा लेखा समिति सदस्य पदाधिकारीज्यूहरूलाई यसै सूचनाद्वारा सुचित गरिएको छ । साथै साधारण सभाबाट आगामी कार्यकालका लागि नयाँ संचालक समिति गठनका लागि निर्वाचन समेत हुने हुँदा सो बारेमा समेत यसै सुचनाद्वारा जानकारी गराईएकोछ । यस बारेको सुचना संस्थाको कार्यालयको सूचना पाटीमा हेर्नुहन समेत अनुरोध छ । धन्यवाद ।

**साधारण सभा हुने स्थान मिति र समय :**
स्थान : संस्थाको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
मिति : २०८३/२/११ गते
समय : बिहान १०:३० बजे


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, १२ वैशाख, २०८३

| | |
|---|---|
| मेष | नयाँ अवसर मिल्ने दिन । काममा प्रगति हुनेछ । |
| वृष | आर्थिक लाभको संकेत । परिवारसँग समय रमाइलो । |
| मिथुन | बोल्दा सोचेर बोल्नुहोस् । सानो विवाद हुन सक्छ । |
| कर्कट | मन खुशी रहनेछ । शुभ समाचार सुन्न पाइनेछ । |
| सिंह | नेतृत्व गर्ने मौका मिल्नेछ । आत्मविश्वास बढ्नेछ । |
| कन्या | स्वास्थ्यमा ध्यान दिनुहोस् । खर्च बढ्न सक्छ । |
| तुला | साथीभाइबाट सहयोग मिल्नेछ । यात्रा सम्भव । |
| वृश्चिक | काममा सफलता मिल्नेछ । मन प्रसन्न रहनेछ । |
| धनु | अध्ययन र नयाँ कुरा सिक्न राम्रो दिन । |
| मकर | जिम्मेवारी बढ्नेछ तर सफलता पनि मिल्नेछ । |
| कुम्भ | सम्बन्धमा सुधार आउनेछ । प्रेम जीवन राम्रो । |
| मीन | ध्यान केन्द्रित गर्न गाह्रो हुन सक्छ । आराम गर्नु राम्रो । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| | ४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |

# गर्भवती, प्रसव र सुत्केरीलाई घरदेखि अस्पतालसम्मै छ हिंसा



मधु शाही

**काठमाडौं–** यो कोठा कहाँ पर्छ ?
मैले अस्पतालको कर्मचारीलाई सोधेँ ।
जवाफ आयो, 'उ त्यहाँनिर ।'

मैले पत्ता लगाउन सकिन र फेरि सोधेँ । अर्कोपटक मुखैमा नहेरी उनले फेरि उ क्या त्यहीँनिरै भने । मैले दोस्रोपटक पनि देखिनँ । तेस्रोपटक सोध्दा ती अस्पतालका कर्मचारीले झर्किंदै भने, 'ओ बहिनी के हो ? कान सुनिदैन कि क्या हो ?'

अघिल्लो बुधबार काठमाडौंको थापाथलीस्थित प्रसूति गृहबाट डिस्चार्ज भएकी एक सुत्केरी आमाले काखमा नवजात शिशु समाउँदै वर्ष दिनअघिको त्यो यो क्षणको स्मरण गरें । यो क्षण सम्भवतः उनले जीवनमा धेरै पछिसम्म पनि भुल्न सक्दिन होला । उनका अनुसार त्यो दिन गर्भवती भएको पहिलोपटक अस्पताल जाँचका लागि आएकी थिइन् । अस्पतालमा कुन कोठा कहाँ छ सुरुमा थाहा नहुनु स्वाभाविकै हो । त्यही पनि आफू जनकपुरको बासिन्दा भएकाले नेपाली भाषा स्पष्टसँग बोल्न र बुझ्न पनि समस्या भएको उनले सुनाइन् ।

नेपाली भाषा बुझ्न बुझाउन गाह्रो भएर ती कर्मचारीले गतिलो व्यवहार नगरेको हो कि भन्ने उनी अनुमान लगाउँछिन् । यद्यपि, जुन व्यवहार भयो त्यसले उनको आत्मसम्मानमा ठूलो चोट पुगेको अनुभूति उनलाई अहिले पनि भइरहेको छ । उनले भनिन्, 'गर्भवती जाँच गर्न आएको पहिलो दिन मनमा एक प्रकारको डर थियो । त्यसमा पनि त्यो कर्मचारी झर्किएको देखेर मन दुःखी बनाउँदै अस्पतालदेखि घर फर्किएकी थिएँ ।'

गर्भवती, प्रसव (बच्चा जन्माउने क्रमको अवस्था), प्रसवोत्तर (बच्चा जन्माएपछिको अवस्था) गरी तीन चरणमा घरदेखि अस्पतालसम्म महिलामाथि गरिने हिंसा उच्च रहेको पाइएको विभिन्न अध्ययनहरूले देखाएका छन् । महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले हालै गरेको एक अध्ययनमा पनि परिवारका सदस्य, श्रीमान्देखि अस्पतालका सेवाप्रदायकले गरेको दुर्व्यवहार, हिंसा र अधिकार उल्लंघनको तथ्यांक सार्वजनिक गरेको छ । अनुसन्धानका क्रममा पीडित महिलाहरूले आफूमाथि भएको दुर्व्यवहारको प्रकृति खुलाएका छन् ।

मञ्चले नेपालमा गर्भावस्था, प्रसव र प्रसवोत्तर महिलाहरूले भोगेका दुर्व्यवहार, हिंसा र अधिकार उल्लंघनसम्बन्धी तथ्य-अन्वेषण अध्ययन गरेको हो । अध्ययनमा सात प्रदेशका १४ जिल्लामा २८ पालिकाका गर्भवती, प्रसव, प्रसवोत्तर गरी एक हजार ६८० जनासँग अन्तर्वार्ता लिएको थियो । अनुसन्धानले गर्भवती अवस्थामा ३८.८ प्रतिशत, प्रसव अवस्थामा ३७.९ प्रतिशत र प्रसवोत्तरमा ३५.९ प्रतिशतले हिंसा भोग्नुपरेको निष्कर्ष निकालेको छ ।

अध्ययनमा १७.१ प्रतिशत गर्भवतीले स्वास्थ्य र सेवासम्बन्धी प्रश्न तथा जिज्ञासाहरूलाई सेवाप्रदायकले गम्भीरतापूर्वक नलिएको अनुभव सुनाएका छन् । यस्ता अनुभव गर्ने महिलाहरूमा गण्डकी, बागमती र लुम्बिनी प्रदेशका महिलाहरूमा बढी पाइएको छ । स्वास्थ्य संस्थामा बच्चा जन्माउँदा १२.३ प्रतिशत महिलाहरूले आवश्यक सहयोग चाहिएको बेलामा सेवाप्रदायकले एक्लै छाडिदिएको अनुसन्धानमा उल्लेख छ ।

त्यस्तै, ७.९ प्रतिशत महिलाले बच्चा जन्माउने बेलामा सहयोगका लागि अनुरोध गर्दा पनि अस्पताल सेवाप्रदायकबाट कुनै पनि सहयोग नपाएको अनुभव सुनाएका छन् । अध्ययनमा प्रसूतिपछि पैसा तिर्न नसकेर घर नपठाएको भन्नेहरूमा ०.५ प्रतिशत रहेको उल्लेख छ ।

अध्ययनमा उल्लेख गरिएअनुसार लुम्बिनी प्रदेशको सासू समूहले गर्भवती जाँचका लागि अस्पताल जाँदा सेवाप्रदायकले राम्रो व्यवहार नगरेको बताएको छ । 'सोधेको कुरा उत्तर नदिने खालको व्यवहार हुन्छ । अस्पताल त समस्या भएर जाने हो ।' साथै, सासू समूहले गर्भवतीको गर्भ जाँच गर्दा पनि लापरवाही गर्ने गरेको र राम्रोसँग परामर्श नदिने गरेको जनाएको छ । समूहका अनुसार जाँचका लागि बोलाउने र धेरै बेर कुराउने, नबुझेको कुरा सोध्न जाँदा 'आज धेरै भीड छ, हामीलाई फुर्सद छैन' भनेर धेरैबेर प्रतीक्षा गराउने गरेको अनुभव छ ।

## हिंसा र दुर्व्यवहार गर्ने व्यक्तिहरु परिवार, छिमेकीदेखि सेवाप्रदायकसम्मै

गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य, नातेदार, श्रीमान्, छिमेकी र सेवाप्रदायक रहेका छन् । अनुसन्धानले पितृसत्तात्मक सोचको कारण परिवार र छिमेकीबाट हिंसा खेप्नुपरेको कारण उल्लेख गरेको छ भने सेवाप्रदायकहरूले कामप्रतिको संवेदनशीलता नबुझेर दुर्व्यवहार गरेको निश्कर्ष निकालेको छ ।

विभिन्न अस्पतालमा सेवा लिने क्रममा सेवाप्रदायकबाट गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसामा पर्ने ६२.१ प्रतिशत रहेको यस अनुसन्धानले खुलाएको छ । त्यस्तै सबैभन्दा बढी ७१.१ प्रतिशत हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य/नातेदार रहेको अनुसन्धानले देखाएको छ । यसमध्ये अध्ययनमा सेवाप्रदायकले सेवा दिने क्रममा सम्मानजनक व्यवहार नगरेको बताउने पीडित ३७.३ प्रतिशत रहेको छ । सेवाप्रदायकले शारीरिक जाँच गर्नुपूर्व सुसूचित सहमति नलिएको बताएका महिलाको संख्या गर्भवतीमा १५.२ र प्रसवोत्तरमा १३.८ प्रतिशत रहेको छ ।

अध्ययनमा कोशी प्रदेशका ४० वर्षीया एक महिलाले आफूलाई श्रीमान्ले निरन्तर छोरा जन्माउन दबाब दिइरहेको र अपशब्दहरू प्रयोग गरेर चार/चार जना काम नलाग्ने छोरी जन्माइस् भन्दै मानसिक एवं शारीरिक यातना दिने गरेको भनाइ उल्लेख छ । यस्तो अवस्थामा महिलाले भावनात्मक, शारीरिक र यौन हिंसा खेप्नुपरेको छ । यौन हिंसा भोगका महिलाहरू ४२ प्रतिशत रहेका छन् । १२.२ प्रतिशत शारीरिक हिंसा, भावनात्मक हिंसा ९३.४ प्रतिशत रहेको छ ।

मनोचिकित्सक डा. प्रतिष्ठा घिमिरेका अनुसार गर्भवस्था र सुत्केरी अवस्था निकै संवेदनशील हुने भएकाले यतिबेला उनीहरूलाई घर परिवारदेखि अस्पतालसम्मै सम्मानजनक व्यवहार गरिनुपर्छ । प्रसूतिगृहमा सेवा प्रदान गरेकी घिमिरे हालैमात्रै पाटन अस्पतालमा कार्यरत छिन् । प्रसूतिमा हुँदा गर्भवती र सुत्केरीको मनोपरामर्शमा केन्द्रित हुँदाको अनुभव सुनाउँदै उनी भन्छिन्, 'गर्भवती वा सुत्केरीले आफ्नो घरको गुनासो सुनाउनुहुन्छ, तर यस्तो बेला हामीले उहाँलाई सुनेर सान्त्वना दिन्थ्यौं ।'

प्रसूतिगृहका निर्देशक डा. श्रीप्रसाद अधिकारीले आफू तीन वर्षदेखि प्रसूतिमा निर्देशक भएसँगै अस्पताल परिसरभित्र आएका सबै सेवाग्राहीलाई सम्मानजनक सेवा प्रदान गर्ने विषयमा संवेदनशील हुँदै आएको बताए । कर्मचारीहरूलाई दिइने विभिन्न तालिमहरूमा सेवाग्राहीप्रति गरिने सम्मानपूर्वक व्यवहार र नम्र आचरणको विकास गर्न अभिमुखीकरण तालिम दिने गरेको डा. अधिकारीले सुनाए । यति हुँदाहुँदै पनि कम जनशक्तिले धेरै सेवाग्राही एकैचोटी हेर्नुपर्दा, भौतिक संरचनाको अभाव र जनचेतनाको कमीले गर्दा सेवाग्राही र सेवाप्रदायकबीच अपमानजनक व्यवहार हुन पुगेको हुनसक्ने उनले स्वीकार गरे । उनले मानवीय स्वभाव सुधार गरेर नैतिकतामाथि जनचेतना दिँदै व्यवहारमा सुधार ल्याउनुपर्ने उनको धारणा छ ।

संयुक्त राष्ट्रसंघीय महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) समितिको सातौं आवधिक प्रतिवेदनमा प्रसवको समयमा गर्भवती महिलाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा नीतिगत उपायहरू कार्यान्वयन गर्नु, साथै प्रसूतिसम्बन्धी हिंसा तथा महिला र किशोरीहरूप्रति हुने तथा लैंगिक भेदभावको समाधान गर्नू भनी नेपाललाई सुझावसमेत दिएको छ ।

सन् २०२१ मा विराटनगरमा भएको एक अध्ययनले पनि संस्थागतरूपमा गर्भवती महिलामाथि गरिने दुर्व्यवहार र हिंसाबारे सुझाव दिएको थियो । यस अध्ययनले सेवा प्राप्तकर्ताको जानकारीसहितको सहमति प्राप्त नगरी चिकित्सकीय प्रक्रिया वा हस्तक्षेपहरू गरिएको नमूना तथ्य निकालेको थियो । सहमतिविना प्रदान गरिने सेवा सतप्रतिशत रहेको देखिएको छ । असम्मानजनक सेवा ७२.२ प्रतिशत, गोपनीयता उल्लंघन गर्दै दिइएको सेवा ६६.६ प्रतिशत, अपेक्षा वा परित्यागको अनुभव ३५.६ प्रतिशत, शारीरिक दुर्व्यवहार (कुटपिट, चट्काउने, चिमोट्ने तथा रुखो व्यवहार) १२.२३ प्रतिशत रहेको तथ्यांकले उल्लेख गरेको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएओ) र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले गर्भावस्थामा हुने घरेलु हिंसालाई मानवअधिकारको उल्लंघनका रूपमा लिएको छ । डब्लुएओ र अन्य अन्तर्राष्ट्रिय क्लिनिकहरूको दिशानिर्देशहरूमा विश्वभर गर्भवतीमध्ये एकतिहाइभन्दा बढीले घरेलु हिंसाको अनुभव गरेको बताएको छ । त्यस्तै, यो अवस्थामा मातृ मानसिक तनाव, गर्भपतन, कम तौलमा शिशु जन्मिने तथा प्रसूतिपूर्व जाँच ढिलो हुनेजस्ता समस्याहरू देखापर्ने गरेको छ ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को ६ को दफा २ मा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नु पर्ने भनिएको छ । ऐनको परिच्छेद-७ मा कसुर र सजाय तोकिएको छ । यद्यपि सम्मानजनक व्यवहार नगरिएको खण्डमा के सजाय हुने र उजुरी कसरी दिने भन्ने कुनै स्पष्ट किटान गरिएको छैन ।

नेपाल बहुसूचक सर्वेक्षण २०२४-२०२५ को प्रतिवेदनमा संस्थागत सुत्केरी गराउने ९०.५ प्रतिशत पुगेको छ । विगतको २०२२ को तुलनामा ८० प्रतिशतबाट वृद्धि भई ९०.५ प्रतिशत पुगेको हो । अधिवक्ता श्रेष्ठका अनुसार नेपाल प्रहरीको गत वर्षको लैंगिक हिंसामाथि परेका उजुरीहरूमध्ये १४ वटा उजुरी गर्भवती अवस्थामा परिवार, श्रीमान्, आफन्तजनबाट कुटपिट भएको विवरण पाइएको छ । उनले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ स्पष्ट नहुँदा सम्मानजनक सेवाको प्रभावकारी हुन नसकेको बताए । प्रसूति सेवालाई मर्यादित, प्रभावकारी र सेवामैत्री बनाउन ऐन संशोधन पहिलो आवश्यकता रहेको उनको भनाइ छ ।

मञ्चका कार्यकारी निर्देशक श्रेष्ठले ऐनमा गैरसरकारी र निजी स्वास्थ्य संस्थामामात्रै सम्मानजनक प्रसूति सेवा दिनुपर्ने अवधारणा नै न्यायोचित नरहेको जनाए । सबैभन्दा बढी प्रसूति सेवा लिने संस्थाहरूमा सरकारी स्वास्थ्य संस्थाहरू रहेकाले ऐन संशोधन गरेर सम्मानजनक सेवाप्रदायकको प्राथमिकतामा जोड दिनुपर्ने उनले सुनाए । उनी भन्छन्, 'अब ऐन नै संशोधन गर्नुपर्छ । सम्मानजनक सेवा भनेको के हो र ? यसको पालना नगरे कस्तो कसुर सजाय हुनेसमेत प्रस्ट ऐनमै व्यवस्था गरिनुपर्छ ।' *रासस*


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/१/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १७१ को १९८८.११ घनफिट काठ र साल जातको दाउरा ३.५० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**भैंसेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती -१, मकवानपुर**



Local Government
**Indrawati Rural Municipality**
**Office of Rural Municipal Executive**
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**Intention to Award**

*Date :- 2083/01/12*

1 . Pursuant to sub clause 27 .2 & 27 .3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intended to award the contract .

| S . N . | Contract No . | Name of Work | Name and Address of bidders | Bid Price NRS . (including VAT & PS) |
|---|---|---|---|---|
| 1 . | IRMSI/W/NCB/ 082/083-33 | Construction of Indrawati Brihat Sichai Indrawati-5 Koiralatar and Indrawati 12 Aapghari | M/S Asian Construction and Drilling, Melung - 7, Dolakha | 72,12,980 .52 |
| 2 . | IRMSI/W/NCB/ 082/083-34 | Construction works of Jyamiremane Buddha park, Indrawati 8, Sindhupalchowk | M/S J .B . Construction, Selang - 1, Sindhupalchok | 30,74,303 .75 |

**Chief Administrative Officer**



**साउदीमा रोजगार** कम्पनी : **ABDULLAH SADOON CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०१/१० LT. No. 340928 चलानी नं. ६०२५४४०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker For Building | 4 | 0 | 1000 | ४०,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075



**साइप्रसमा रोजगार** कम्पनी : **S. MERK. ENTERPRISES LTD.** शेवा शुल्कः ९०,०००

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/११ LT. No. 327070 चलानी नं. ६०२४१०३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 11 | 10 | 700 | १,२३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख २० गते (3rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kathmandu International Incorporate Pvt. Ltd.**
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१



**मलेसियामा रोजगार** कम्पनी : **GOLDEN PHAROS GLASS SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८३/०१/१० LT. No. 341036 चलानी नं. ६०२५४३९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ALL GLASS SERVICES SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८३/०१/१० LT. No. 341037 चलानी नं. ६०२५४३९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 15 | 0 | 1700 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com
Govt. License 539/061/062



**कतार/साउदीमा रोजगार** कम्पनी : **NEW MILLENNIALS CONTRACTING & SERVICES W.L.L.**

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ LT. No. 327220 चलानी नं. ६०२५४४१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Masons | 4 | 0 | 1100 | ४५,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker/mason | 4 | 0 | 1100 | ४५,४७५ | | | | | | | |
| 3 | Carpenter Concrete/shuttring | 3 | 0 | 1100 | ४५,४७५ | | | | | | | |
| 4 | Concrete Reinforcement Labour | 3 | 0 | 1100 | ४५,४७५ | | | | | | | |
| 5 | Driver All Vehicles | 1 | 0 | 1400 | ४५,४७५ | | | | | | | |
| 6 | Labour | 3 | 0 | 1100 | ४५,४७५ | | | | | | | |
| 7 | Mason | 2 | 0 | 1100 | ४५,४७५ | | | | | | | |

कम्पनी : **INTERNATIONAL EXCELLENCE CAR RENTAL ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ LT. No. 340933 चलानी नं. ६०२५४४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 1 | 0 | 1200 | ४८,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957, 9818241281 Ananda Budhathoki
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

# फेरिंदै रूपाको रूप



> रूपाताल संरक्षण एकीकृत विकास परियोजनाअन्तर्गत नै तालको बीचमा टापु बनाएर त्यहाँ मन्दिर बनाउने योजना छ । १४० मिटर लम्बाइ र ९५ मिटर चौडाइमा रहने उक्त टापुमा आकर्षक मन्दिर बनाउन लागिएको हो । त्यस्तै तालको दायाँ किनारामा पाँच किलोमिटर दूरीको इको ट्रेल निर्माण गरिने छ ।

**विष्णु नेपाल र वासुदेव पौडेल**/गण्डकी

दिनमा पटक-पटक रूप फेरिने भएका कारण रूपाताल नामकरण गरिएको रूपातालको समग्र रूप नै फेरिने भएको छ । रूपातालको संरक्षण र विकासका लागि रूपाताल संरक्षण एकीकृत विकास परियोजनाको सफलतासँगै यसको समग्र रूप फेरिने अवस्थामा पुगेको हो । यसअघि रूपाताल संरक्षण एकीकृत विकास परियोजना नाममा रहेको यो परियोजना अहिले भने सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाअन्तर्गत रहेको छ ।

कास्कीको रूपाकोट, हंसपुरको सिरान र माझठाना (साविक लेखनाथ नगरपालिका वडा नं १०, ११ र १४ को केही भागले छोएको यो ताल प्राकृतिक र मानवीय अतिक्रमणको शिकार बन्न थालेपछि आयोजनाअन्तर्गत गुरुयोजनासहित कामहरू थालिएको हो । आयोजनाका लागि विस्तृत योजना प्रतिवेदन तयार गरी त्यसअनुरूप काम निरन्तर अघि बढिरहेको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखराका प्रमुख विदुरमान श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार परियोजना सम्पन्न भएसँगै रूपा तालको स्वरूप नै परिवर्तन हुने छ । २०७५/७६ बाट काम थालिएको थियो । चरणबद्ध अघि बढ्ने आयोजनाको चार अर्ब ५२ करोड रूपैयाँ लागत रहेकोमा हालसम्म दुई अर्ब ७० करोड रूपैयाँको काम गरिएको छ । स्वीकृत गुरुयोजनाअनुसार यो आयोजना २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

कूल १२२ हेक्टर क्षेत्रफलमा फैलिएको ताल हालको निर्माणाधीन बाँध सम्पन्न भएसँगै क्षेत्रफल बढेर १८३ हेक्टर क्षेत्रफल हुने छ । परियोजनाअन्तर्गत बाँध निर्माण कार्य ठेक्का सम्झौता भएर काम अघि बढिसकेको छ । बाँध निर्माणका लागि कूल २९ करोड रूपैयाँको ठेक्का सम्झौता भएकोमा कालिका नयाँ बाटो जेभीले निर्माण कार्य गरिरहेको छ ।

बाँध निर्माण कार्य २०८३ भदौ २३ सम्म सक्ने समयावधि निर्धारण गरिएको छ । निर्माण सम्झौताअनुसार तालमा ५९० मिटर माटाको बाँध रहने छ भने ४५ मिटर कंक्रिट बाँध रहने छ । बाँध निर्माणको काम ७० प्रतिशत सकिएको श्रेष्ठले जानकारी दिए । बाँध निर्माण कार्य सकिएसँगै हाल रहेको तालको गहिराइ तीन मिटरबाट बढेर सात मिटर हुने छ । यस आयोजनाअन्तर्गत रूपातालको बायाँतर्फ ७.८ किलोमिटर पक्की सडक गत आर्थिक वर्षमा नै सम्पन्न भइसकेको छ ।

त्यस्तै परियोजनाअन्तर्गत नै हालको लम्बाइ दुई किलोमिटर रहेको ताल फैलिएर ३.६ किलोमिटर हुने छ । तालमा रहेको आठ लाख घनमिटर माटो निकालेर त्यसलाई व्यवस्थित गर्ने काम भइरहेको छ । यसका लागि ४० करोड रूपैयाँ विनियोजन भई काम भइरहेको र सम्झौताअनुसार आगामी फागुन २० सम्म सक्ने लक्ष्य राखिएको छ । यसको निर्माण कार्य उमा एण्ड कम्पनीमार्फत भइरहेको छ । आयोजनाअन्तर्गत नै तालको बीचमा टापु बनाएर त्यहाँ मन्दिर बनाउने योजना छ । १४० मिटर लम्बाइ र ९५ मिटर चौडाइमा रहने उक्त टापुमा आकर्षक मन्दिर बनाउन लागिएको हो । त्यस्तै तालको दायाँ किनारामा पाँच किलोमिटर दूरीको इको ट्रेल निर्माण गरिने छ ।

बाँकी काम गर्नका लागि ३१७ वटा रुख काट्नुपर्ने छ । यसका लागि वातावरणीय प्रभाव मूल्यांकन पनि भइसकेको छ । त्यस्तै भोगाधिकारका लागि एक हेक्टर जग्गा लिन बाँकी छ । वातावारणीय प्रभाव मूल्यांकन (इआइए) अनुसार ३१७ रुख काट्न स्वीकृति भए पनि फिल्ड भेरिफिकेसन गर्दा १२८ वटामात्रै रुख हटाउनुपर्ने देखिएको जानकारी दिँदै श्रेष्ठले १० प्रतिशत तलमाथि भएमा पुनः पूरक वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने भएकोले त्यसका लागि वनबाट स्वीकृति आउनुपर्ने प्रावधान रहेको उनले जानकारी दिए ।

आयोजनाकै लागि एक हजार २०० रोपनी अधिग्रहण गर्नुपर्नेमा यसअघि ९११ रोपनी अधिग्रहण भइसकेको छ । त्यसका लागि एक अर्ब रूपैयाँ मुआब्जा वितरण गरिसकिएको आयोजनाले जनाएको छ । बाँकी थप १२६ रोपनी अधिग्रहण गर्नुपर्नेमा त्यसका लागि नयाँ दररेट कायम हुनुपर्ने भए पनि जिल्ला दररेट कायम भइनसकेको कारण उक्त कार्य पनि प्रभावित बनेको छ ।

यी सबै काम सम्पन्न भएसँगै तालको क्षेत्रफलसँगै थप चार मिटर गहिराइ पनि बढ्ने जनाइएको छ । रूपातालको एकीकृत विकास आयोजनासँगै सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले गण्डकी प्रदेशभित्रका विभिन्न ५० भन्दा बढी आयोजना हेर्दै आएको श्रेष्ठले जानकारी दिए । हालै सिँचाइ दिवस एवं ७३औं वार्षिकोत्सवका अवसरमा आयोजनाबाट सम्पादित कार्यप्रगति एवं समुदायमा पुऱ्याएको समग्र प्रभाव मूल्यांकनका आधारमा उत्कृष्ट आयोजनाका रूपमा छनोटसमेत भएको उनले बताए ।

सूर्यको किरणसँगै रूपातालमा पानीको रूपमा परिवर्तन आइरहने भएका कारण यसको नाम रूपाताल रहन गएको यहाँका बूढापाकाको तर्क छ । पछिल्ला वर्षमा सौन्दर्य ह्रासका अतिरिक्त बढ्दो अतिक्रमणले तालको आकार पनि खुम्चँदै गएका अवस्थामा परियोजना सम्पन्न भएसँगै यसले तालको संरक्षण हुने विश्वास लिइएको छ ।

विगतमा अतिक्रमणमा पर्दै आएकोताललाई संरक्षण गर्न रूपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्थाकातर्फबाट सम्बन्धित निकायहरूमा निरन्तर ध्यान आकृष्ट गर्दै आइएको सहकारीका अध्यक्ष रामबहादुर थापाले जानकारी दिए । रूपाताल प्राकृतिक सुन्दरताका दृष्टिलेमात्र नभएर माछाका लागि पनि यतिखेर पर्यटकको आकर्षण बनेको छ । यहाँका माछाको स्वाद लिन पनि दैनिक सयौं पर्यटक रूपाताल पुग्ने गरेका छन् ।

सार्वजनिक बिदाका दिनका साथै अधिकांश शनिबारका दिन रूपाताल किनारमा माछा खान जानेको संख्या बढ्दै गएको स्थानीयवासी बताउँछन् । प्रेमी-प्रेमिकाको भेटघाटका लागि पनि पछिल्लो समयमा आकर्षणको केन्द्र बन्दै गएको यो तालमा स्विमिङ र फिसिङका लागि पनि पर्यटक पुग्ने गरेका छन् । आयोजनाका लक्षित कामहरूले समग्र तालको रूपमा परिवर्तन आउने उनले बताए ।

> रूपातालमा मोती उत्पादनको परीक्षण पनि थालिएको छ । यसअघि लामो समयको प्रयाससँगै बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रले यहाँका तालमा मोती उत्पादनको सम्भावनालाई प्रमाणित गरेसँगै रूपातालमा पनि मोती उत्पादनका लागि परीक्षण बढाइएको छ । मोती उत्पादन परीक्षण सफल भएमा यसताललाई मोती उत्पादनका माध्यमबाट पनि उपयोग गर्न सकिने बताइएको छ ।

### मोती उत्पादनको पनि परीक्षण

रूपातालमा मोती उत्पादनको परीक्षण पनि थालिएको छ । यसअघि लामो समयको प्रयाससँगै बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रले यहाँका तालमा मोती उत्पादनको सम्भावनालाई प्रमाणित गरेसँगै रूपातालमा पनि मोती उत्पादनका लागि परीक्षण बढाइएको सहकारीका अध्यक्ष थापाले जानकारी दिए । मोती उत्पादन परीक्षण सफल भएमा यस ताललाई मोती उत्पादनका माध्यमबाट पनि उपयोग गर्न सकिने उनको भनाइ छ ।

### रूपाताल किनाराको जंगलमा प्राणी उद्यान केन्द्र, तालमाथि झोलुंगे पुल

रूपाताल किनारका जंगललाई समेटेर निर्माण गरिएको प्राणी उद्यान केन्द्र यहाँको अर्को आकर्षण हो । प्राणी उद्यान केन्द्र पर्यटकका लागि आकर्षक गन्तव्य बनिरहेको केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दिनानाथ ढकालले जानकारी दिए ।

आयोजनाअन्तर्गत ताल किनारमा बनाउने भनिएको फुट ट्र्याकले यहाँको सौन्दर्यतालाई अझै उजागर गर्ने उनको भनाइ छ । केन्द्रमा अवलोकन गर्न आउने पर्यटकले रूपातालको मनोरम दृश्यसँगै यहाँ राखिएका चितुवा, नीलगाई, चित्तल, रतुवा मृग, चरीबाघ, अजिंगर, सेतो गिद्ध, हिमाली गिद्ध, कछुवा आदिको अवलोकन गर्न पाउँछन् । उनका अनुसार रूपाताल आसपासका क्षेत्रको जंगलमा ३६१ प्रजातिका वनस्पति, १७५ प्रजातिका जडीबुटी पाइनुका साथै बाघ, मृग, अजिंगरजस्ता जनावर पाइन्छन् । यस क्षेत्रमा १३४ जातका वन्यजन्तु तथा चराचुरुंगी पाइन्छ ।

रूपामाथि राखिएको झोलुंगे पुल यहाँको अर्को आकर्षण हो । २६९ मिटर लामो पुल तालमाथि बनेपछि यो पर्यटकका लागि आकर्षक गन्तव्य बनेको छ । पोखरा महानगरपालिका-३१ र रूपा गाउँपालिका-६ जोड्नेगरी पुल निर्माण गरिएको हो । पछिल्ला समयमा तालमाथिको झोलुंगे पुल हेर्न र टिकटक तथा भिडियो बनाउन आउने क्रम पनि बढिरहेको छ । रूपातालमा सञ्चालत आयोजनाका काम सबै सम्पन्न भएसँगै यसको रूपमा नै आमूल परिवर्तन आउने ढकालले बताए । तालको रूपमा परिवर्तनसँगै रूपाताल यस क्षेत्रकै विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास हुने उनले बताए ।

### चरा पर्यटनको पनि गन्तव्य

रूपाताल चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्य बनेको छ । यस तालमा धेरै प्रजातिका विदेशी चरा चीन, साइबेरियालगायतका देशबाट आउने गरेका छन् । विशेषगरी हिउँदको समयमा साइबेरियालगायत स्थानबाट विभिन्न प्रजातिका चराहरू रूपातालमा आउने गरेको पोखरा पन्छी समाजका निवर्तमान अध्यक्ष मनशान्त घिमिरेले बताए । रूपातालसहित लेखनाथका तालहरू चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्यका रूपमा रहेको उनको भनाइ छ । *रासस*

# सातै प्रदेशका विद्यार्थी पढ्ने किस्पाङ बहुप्राविधिक शिक्षालय

**प्रकाश सिलवाल**/नुवाकोट

प्राकृतिकरूपमा सुन्दर नुवाकोटको किस्पाङ गाउँपालिका शैक्षिक गन्तव्यस्थलका रूपमा पनि अघि बढ्दै छ । पछिल्लो तीन वर्षयता गाउँपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट सम्बन्धन लिएर सुलभ मूल्यमा प्राविधिक शिक्षालय सञ्चालन गरेपछि पूर्वको संखुवासभादेखि पश्चिमको कञ्चनपुरसम्मका विद्यार्थी प्राविधिक शिक्षा लिन किस्पाङ पुगेका छन् ।

मुलुकभरका गाउँपालिकामध्ये स्वास्थ्यतर्फको बहुप्राविधिक शिक्षालय आफैंले सञ्चालन गर्नेमा पहिलो भएको किस्पाङ गाउँपालिकाले सामान्य चिकित्सा र डिप्लो इन फार्मेसीको कोर्स पूरा गर्न एक लाख ९५ हजार रूपैयाँमात्रै शुल्क लिँदै आएको छ । किस्पाङ गाउँपालिका-३, काहुलेमा २०८० सालमा स्थापित सो शिक्षालयले पहिलो ब्याच ढिलो सम्बन्धनका कारण डिप्लोमा इन फार्मेसीमात्र भर्ना गरेको थियो । दोस्रो ब्याचका सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसीको सबै कोटा पूर्णरूपमा तथा तेस्रो ब्याचको सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसीको सबै कोटा पूर्ण हुनेगरी भर्ना गरेको छ ।

सातै प्रदेश र ३१ जिल्लाका विद्यार्थीहरू अध्ययन गर्ने हिसाबले पनि यो शिक्षालय सम्भवतः मुलुककै पहिलो शिक्षालय बनेको छ । गृहजिल्ला नुवाकोटका ३० प्रतिशत र बाँकी अन्य जिल्लाका विद्यार्थी यहाँ अध्ययनरत रहँदा किस्पाङ अहिले शैक्षिक पर्यटनको गाउँ बन्न पुगेको छ । यहाँ बाहिरी जिल्लाबाट आएका अधिकांश विद्यार्थी शिक्षालयकै होस्टेलमा बसेर पढ्छन् । केहीले शिक्षालय वरपर डेरा लिएका छन् ।

प्राविधिक शिक्षालयमा स्वास्थ्य सहायक (एचए)मा अध्ययनरत संखुवासभाकी संगीता मगर, सल्यानकी धनसोरी बुढाथोकी, महोत्तरीकी प्रियंका यादव, सर्लाहीका अर्पितकुमार दास र रौतहटकी आकृति चौधरी विभिन्न जिल्लाबाट जोडिए पनि आफूहरू अब एकै शिक्षालयको शिक्षार्थी भएकामा खुसी देखिन्छन् । यस्तै बाजुराकी कोपिला विश्वकर्मा र प्रमिला दानीमात्र होइन डिप्लोमा इन फार्मेसी पढिरहेकी सुर्खेतकी विजया गुरूङ यसरी धेरै जिल्लाबाट आएका साथीहरूसँग आफूहरूको सांस्कृतिक सिकाइ पनि भएको बताउँछन् ।

> सातै प्रदेश र ३१ जिल्लाका विद्यार्थीहरू अध्ययन गर्ने हिसाबले पनि यो शिक्षालय सम्भवतः मुलुककै पहिलो शिक्षालय बनेको छ । गृहजिल्ला नुवाकोटका ३० प्रतिशत र बाँकी अन्य जिल्लाका विद्यार्थी यहाँ अध्ययनरत रहँदा किस्पाङ अहिले शैक्षिक पर्यटनको गाउँ बन्न पुगेको छ ।

डिप्लोमा इन फार्मेसी अध्ययनरत अछामका नवीन बयक र एचए दोस्रो वर्षमा अध्ययनरत सुर्खेतका पवन बरालले प्राविधिक शिक्षा पढाइसँगै नयाँ-नयाँ साथीहरू बनेकामा फरक अनुभूति गरेको बताए । रोचक कुरा, यही शिक्षालयमा पिता डिल्ली ढकाल र छोरी सलिना ढकाल फार्मेसीको विद्यार्थीका रूपमा छन् । नुवाकोटको लिखु गाउँपालिका-२, ढिकुरे निवासी ढकाल पढाइ पूरा गरेर गाउँमै फार्मेसी खोल्ने योजनामा रहेका छन् । 'ग्रामीण भेगमा पनि यसप्रकारको शिक्षा उपलब्ध हुनु हाम्रा लागि राम्रो कुरा हो,' डिल्ली ढकालले भने ।



कैलालीको घोडाघोडी नगरपालिका-२ बाट किस्पाङमा प्राविधिक शिक्षा हासिल गर्न आएका शैलेस गिरी भौगोलिक दूरी टाढा भए पनि सुलभरूपमा पढ्न पाइने भएकाले यहाँ आएको बताउँछन् । गिरीसँगै शिक्षालयमा १७ विद्यार्थी भक्तपुरको गट्ठाघरस्थित लोमस फर्मास्युटिकल्समा प्रयोगात्मक अभ्यासका लागि खटिएका छन् । तीमध्ये गिरीसहित केहीले अहिले नुवाकोटको विदुरस्थित त्रिशूली अस्पतालमा प्रयोगात्मक काम गरिरहेका छन् ।

नुवाकोटकै सूर्यगढी-५ की विद्यार्थी अञ्जली गिरी शिक्षालयमा छात्राका लागि व्यवस्थित र सुरक्षित आवास रहेको बताउँछन् । किस्पाङ-१, भाल्चेका रुवन तामाङ समग्रमा शिक्षालयको पढाइ राम्रो रहेको प्रतिक्रिया दिन्छन् । उनीहरू दुवैले पढाइ सकेर मेडिकल खोल्ने तयारी गरेका छन् ।

शिक्षालयका प्रमुख विनोद न्यौपानेका अनुसार देशको समग्र झलक शिक्षालयमा पाइन्छ । शिक्षालयमा पहिलो वर्षमा सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसी ४०/४० विद्यार्थी रहेकामा छात्रवृत्तिमा अध्ययनमा तीन विद्यार्थी छन् । प्रदेशअनुसार सामान्य चिकित्सातर्फ छ प्रदेशका विद्यार्थी र डिप्लोमा इन फार्मेसीतर्फ सातै प्रदेशका विद्यार्थी छन् । विभिन्न विषय र वर्षमा गरेर बारा, रौटहट, पर्सा, सर्लाही, बझाङ, बाजुरा, धादिङ, दोलखा, हुम्ला, कालिकोट, नुवाकोट, रसुवा, रोल्पा, संखुवासभा, बैतडी, बाजुरा, बर्दिया, धादिङ, हुम्ला, कालीकोट, कञ्चनपुर, नुवाकोट, ओखलढुंगा, रौतहट, सर्लाही, सिन्धुली र तनहुँका विद्यार्थी अध्ययनरत छन् ।

दोस्रो वर्षमा प्रदेशगतरूपमा बागमतीका २७, गण्डकीका एक, कर्णालीका १७, मधेसका २६ र सुदूरपश्चिमका चार विद्यार्थी अध्ययनरत छन् । तेस्रो वर्षमा विभिन्न प्रदेश र जिल्लाका गरी १७ विद्यार्थी छन् । 'होस्टेल सुविधाका साथै शिक्षालयमै उत्पादन गरिएको अर्गानिक तरकारी प्रयोग गरेर विद्यार्थीलाई गाउँघरको अनुभूति दिइएको छ,' शिक्षालय प्रमुख न्यौपानेले भने, 'हामीले समय समयमा अतिथिलाई कक्षा दिलाउनाका साथै खेलकुद सप्ताह, हाजिरीजवाफ, वक्तृत्वकला, सरस्वती पूजा, वनभोज, नारी दिवस तथा होली उत्सवजस्ता कार्यक्रम गर्दै आएका छौं । यसले विद्यार्थीमा उत्साह पैदा गरेको छ ।'

गाउँपालिकाका अध्यक्ष एवं शिक्षालय सञ्चालक समितिका अध्यक्ष वीरवल तामाङ ३१ जिल्लाका विद्यार्थी आएर पढ्नु भनेको किस्पाङको पानीलाई ती विद्यार्थीहरूले प्रसादका रूपमा लिन पाएको अवसरमा रूपमा आफूहरूले लिएको बताउँछन् । गाउँपालिको आय विस्तार र राष्ट्रका लागि उद्यमशीलताको विकासको शिक्षालय एक कोसेढुंगा हुने उनले बताए । यसलाई आफूहरूले सेवाका रूपमा लिएको र पर्यटकीय विकासका लागि पनि आधार हुने तामाङले विश्वास व्यक्त गरे ।

गाउँपालिकाका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने दरबन्दी पूर्ण हुनेगरी नियमित भर्ना हुनु र विद्यार्थीहरूबाट अहिलेसम्म सकारात्मक प्रतिक्रिया प्राप्त हुनुले शिक्षालयको भविष्य उज्वल रहेकामा सन्देह नरहेको बताउँछन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सहरी विकास मन्त्रालयबाट भवन निर्माणका लागि एक करोड रूपैयाँको निर्माण कार्य भएको सो शिक्षालयमा आर्थिक वर्ष २०८२/८३ का लागि सोही मन्त्रालयले तीन करोड रूपैयाँ विनियोजन गरेकामा अहिले शिक्षालयको आफ्नै जग्गामा भवन निर्माण भइरहेको छ । उनले क्रमशः गाउँपालिकाले बजेट बढाउँदै प्रयोगशालालगात पूर्वाधार विकास गरी शिक्षालयलाई नमुना बनाइने बताए ।

दक्ष र अनुभवी प्रशिक्षकबाट अध्ययन अध्यापन भइरहेकामा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा पूर्णछात्रवृत्तिमा पढेका डा. आशिष दाहालगायत पूर्णकालीन शिक्षक सात, कर्मचारी पाँच र अल्पकालीन १३ जना कार्यरत छन् । शिक्षालयमा पुस्तकालयमा पर्याप्त पुस्तकका साथै आधुनिक एवं सुविधा सम्पन्न कम्प्युटर, आवश्यक प्रयोगशाला उपकरण र रसायन सामग्री उपलब्ध छन् । *रासस*



**स्वर्णबिन्दु खुवाउनेको लाइन** | दाङको घोराही उपमहानगरपालिका–१५ स्थित आयुर्वेदिक क्लिनिकमा शुक्रबार बालबालिकालाई स्वर्णबिन्दु खुवाउन लामबद्ध सर्वसाधारण । *तस्बिर: रासस*

# कास्कीमा सेवाग्राहीको घरमै राहदानी पुर्‍याउन सुरू

**कास्की–** कास्की जिल्लामा पहिलोपटक सार्वजनिक सेवाको होम डेलिभरी सेवा सुरु गरिएको छ । हुलाक सेवामार्फत नागरिकका घरदैलोमै सेवा पुर्‍याउने उद्देश्यसहित अन्नपूर्ण गाउँपालिकाबाट राहदानी (पासपोर्ट) वितरण सेवा घरमै पुर्‍याउँदै यसको औपचारिक शुभारम्भ जिल्लामा गरिएको हो ।

अन्नपूर्ण गाउँपालिका–१, लेवाडे निवासी गीता अधिकारी र वडा नं २ ढिकुरपोखरी निवासी तारा ढुंगाना भण्डारीलाई उनीहरूको घरमै पुगेर प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा र गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले उनीहरूको राहदानी हस्तान्तरण गरे ।

जिल्ला प्रशासन कार्यालय कास्कीको अग्रसरता तथा अन्नपूर्ण गाउँपालिका र हुलाक निर्देशनालय पोखराको सहकार्यमा होम डेलिभरी सेवा सुरु गरिएको प्रशासनले जनाएको छ । सरकारको शासकीय सुधार कार्यक्रमअन्तर्गत सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउने कार्यक्रमअन्तर्गत यो कार्यक्रम सुरु गरिएको प्रजिअ शर्माले बताइन् ।

मन्त्रिपरिषद्को गत चैत १३ गतेको बैठकले १०० बुँदे शासकीय सुधारको कार्यसूचीको बुँदा नं २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उल्लेख गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी शर्माले अन्नपूर्ण गाउँपालिका हुलाक सेवा केन्द्रको अनुगमनसमेत गरेकी थिइन् । गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीसँगको छलफलमा प्रजिअ शर्माले नागरिकलाई सेवा प्रवाहलाई थप सहज, प्रभावकारी र पहुँचयोग्य बनाउने विषयमा आवश्यक कुराकानी गरिन् ।

अन्नपूर्ण गाउँपालिकाले यस सेवाबाट नागरिकलाई सहज, छिटो तथा झण्झटरहित सेवा उपलब्ध हुने विश्वास व्यक्त लिएको छ । आगामी दिनमा यस्ता सेवाहरूलाई थप विस्तार गर्दै लैजान सरकारका विभिन्न निकायहरूसँग समन्वय र सहकार्य जारी राख्ने अध्यक्ष केसीले बताए । *रासस*

# धादिङ, नुवाकोट र रसुवाका बस अब नयाँ बसपार्कबाट मात्रै छुट्ने

**काठमाडौं (प्रस)–** धादिङ, नुवाकोट र रसुवा चल्ने सार्वजनिक सवारीसाधन अब नयाँ बसपार्क भित्रबाट सञ्चालन हुन थालेका छन् । यसअघि माछापोखरी र बालाजु सडक आसपासमा पार्किङ गरेर सञ्चालन हुँदै आएका बस शुक्रबारदेखि नयाँ बसपार्क भित्रबाट सञ्चालन हुन थालेका हुन् ।



काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलको अध्यक्षतामा गत मंगलबार महानगरपालिकामा बसेको सरोकारवाला निकायको बैठकले काठमाडौंभित्रका सबै सार्वजनिक यातायातका साधनलाई गोंगबुस्थित नयाँ बसपार्क भित्रबाट सञ्चालन गर्ने निर्णय गरेको थियो । उक्त बैठकले तीन दिनभित्र सबै सार्वजनिक सवारीसाधनलाई अनिवार्यरूपमा नयाँ बसपार्क भित्रबाट सञ्चालन गर्ने निर्णय गरेसँगै शुक्रबार बिहानैदेखि धादिङ, नुवाकोट र रसुवा चल्ने सार्वजनिक बस नयाँ बसपार्क भित्रबाट सञ्चालन हुन थालेका हुन् ।

काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारीसाधनलाई व्यवस्थित तथा पार्किङ गर्नका लागि महानगरपालिकाले २०५६ सालमा नयाँ बसपार्क सञ्चालनमा ल्याएको थियो । अधिकांश जिल्लामा जाने सवारीसाधन नयाँ बसपार्क भित्रबाटै चल्ने भए पनि नुवाकोट, रसुवा र धादिङ जिल्लामा चल्ने सवारीसाधन भने माछापोखरी क्षेत्रमा काउण्टर र पार्किङ बनाएर सञ्चालन गरिँदै आएका थिए ।

काठमाडौं महानगरपालिका–२६ गोंगबुमा १६१ रोपनी क्षेत्रफलमा नेपालको राष्ट्रिय बसपार्क सञ्चालन भए पनि नुवाकोट, रसुवा तथा धादिङ चल्ने सवारीसाधन भने नयाँ बसपार्क नजिकै रहेको माछापोखरी र बालाजुको सडकबाट चल्ने गरेका थिए । यसअघि गोंगबु चोकदेखि नयाँ बसपार्क बीचको सडकबाट सञ्चालन हुँदै आएका पृथ्वीराजमार्गमा चल्ने बस तथा माइक्रोबस हाल नयाँ बसपार्क भित्रबाट सञ्चालन हुन थालेका छन् ।

तर, धादिङ, रसुवा र नुवाकोट चल्ने सवारीसाधनका चालकले नयाँ बसपार्कभित्रबाट चलाउन अटेर गर्दै आएका थिए । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जथाभावीरूपमा सडकमा पार्किङ गरेर यातायातका साधन सञ्चालन गरिँदा उपत्यकाको ट्राफिक व्यवस्थापनमा समस्या भएको बताए ।

लामो दूरीका सवारीसाधन चक्रपथको बाटो भएर ओहोरदोहोर गर्दा ट्राफिक व्यवस्थापनमा असहज भएको प्रवक्ता सुवेदीले बताए । महानगरको उक्त निर्णय कार्यान्वयन गरेसँगै चक्रपथ वरपर हुने ट्राफिक जाम कम हुने प्रवक्ता सुवेदीले बताए ।

नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका मानव संसाधन प्रमुख पंकज मल्लले नुवाकोट, रसुवा र धादिङ सञ्चालन हुने सार्वजनिक सवारीसाधनलाई बसपार्कबाट छुट्टै 'ट्र्याक'को व्यवस्था गरिएको बताए । यस्तै, उक्त दूरीमा जाने सवारीसाधनका लागि छुट्टै टिकट काउण्टरकोसमेत व्यवस्था मिलाइएको उनले बताए । यातायात कार्यालयका अनुसार हाल काठमाडौं उपत्यकामा झण्डै २० लाख हाराहारीमा सवारीसाधन सञ्चालनमा छन् । पछिल्लो समय राजधानी काठमाडौंलगायत देशभर निजी तथा सार्वजनिक सवारीसाधनको संख्या वृद्धि हुँदा र बाटो विस्तार नहुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ ।

# यातायात सेवा कार्यालय सञ्चालनमा आएसँगै पूर्वी कैलालीका नागरिकलाई सहज

**घोडाघोडी (कैलाली)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले कैलालीको लम्कीचुहा–४ बलियामा यातायात व्यवस्था सेवा कार्यालयको उद्घाटन गरेका छन् । शुक्रबार एक कार्यक्रमकाबीच उनले सेवा कार्यालयको उद्घाटन गरेका हुन् । पूर्वी कैलालीका नागरिकलाई आवागमनमा सहजता हुने विश्वास लिइएको छ । जिल्लाको पूर्ववर्ती क्षेत्रका जनतालाई सेवा उपलब्ध गराउनका निमित्त बलियामा सेवा कार्यालय स्थापना गरिएको हो ।

उद्घाटन समारोहमा मुख्यमन्त्री शाहले जनतालाई सेवा प्रवाह गर्नका निमित्त प्रदेश सरकार कटिबद्ध भएर लागिरहेको बताए । उनले यातायात व्यवस्था सेवा कार्यालयको स्थापनासँगै यस क्षेत्रका जनताले राहतको अनुभूति गर्ने विश्वास व्यक्त गरे ।

'जनप्रतिनिधिहरूले जनताले दिएको जनमतको सम्मान गर्दै जनताप्रति उत्तरदायी र जवाफदेही हुनुपर्छ,' मुख्यमन्त्री शाहले भने, 'मुलुकको विकासका लागि तीनै तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्व हुनुपर्छ ।'

यस क्षेत्रको विकासका लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारले एक अर्ब रूपैयाँबराबरको बहुवर्षीय ठेक्का स्रोत सुनिश्चित गरेको मुख्यमन्त्री शाहले जानकारी दिए । लम्कीचुहा प्रादेशिक अस्पतालका लागि चालु आवमा प्रदेश सरकारले चार करोड ५० लाख रूपैयाँ बजेट विनियोजन गरेको जानकारी दिँदै उनले यस वर्ष सञ्चालनमा आउन नसके रकम 'फ्रिज' भएर जाने बताए ।

लम्कीचुहा प्रादेशिक अस्पताल सञ्चालनका लागि आवश्यक परे कानुनसम्मतरूपमा लचकता अपनाउन प्रदेश सरकार तयार रहेको मुख्यमन्त्री शाहले बताए । यस क्षेत्रका नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आफू निरन्तर प्रयासरत रहेको भन्दै उनले सोहीअनुरूप कानुनी दायराभित्र रही आवश्यक लचकता अपनाइने धारणा राखे ।

टीकापुरमा प्रस्तावित टीकापुर विज्ञान तथा प्राविधिक विश्वविद्यालय निर्माणका लागि सबै पक्षबीच सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिँदै मुख्यमन्त्री शाहले आधुनिक प्रविधिको युगमा विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याए । उक्त विश्वविद्यालयले क्षेत्रीय पहिचान स्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उनले विश्वास व्यक्त गरे ।

सेवा कार्यालय स्थापनासँगै लम्कीचुहा नगरपालिका, मोहन्याल गाउँपालिका, जानकी गाउँपालिका, टीकापुर नगरपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिकालगायत क्षेत्रका जनतालाई सहजता हुने छ ।

कार्यालय व्यवस्थापनका लागि स्थानीय झुप्रे रावतले पाँच वर्षका लागि आफ्नो घर निःशुल्क उपलब्ध गराएका छन् । लम्कीचुहा नगरपालिका–४ का वडाध्यक्ष ताराप्रसाद अधिकारीको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन वडा नं ३ का वडाध्यक्ष लवबहादुर शाहीले गरेका थिए । *रासस*


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/१/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान २४१ को २५११.६७ घनफिट काठ र साल जातको दाउरा ३.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बुद्धदर्शन सामुदायिक वन उपभोक्ता समूह**
**बागमती -८, मकवानपुर**



**मलेसियामा रोजगार** कम्पनी : HOT BOWL PLT — Address : Jalan Rangoon

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340712 | चलानी नं. ६०२५४२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 5 | 0 | 1700 | ६४,६०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com
श्रम ईजाजत नं. १२७५/०७४/७५



**मलेसियामा रोजगार** कम्पनी : SZ ASIA RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340749 | चलानी नं. ६०२५४१३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 21 | 0 | 1700 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: चितवन, रत्ननगर न.पा., शाखा कार्यालय टाँडीमा मिति: २०८३ वैशाख २० गते (3rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



BORDER CROSS HUMAN RESOURCE PVT. LTD.
Kathmandu- 16, Balaju, Nepal, +977-15915383, 9841064035 Narayan Naharki
Email: bordercross1588@gmail.com | info@bordercross.com.np, Website: www.bordercross.com.np
श्रम ईजाजत नं. १५८८/०७९/८०



**लम्कीचुहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**भल्का, कैलाली**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

**प्रकाशित मिति २०८३/०१/१२**

लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको चालू आ.व. २०८२/०८३ का लागि स्वीकृत योजना Construction of Blacktop Work in Wada no 1, 2 & 4 (ठेक्का नं. 11/LCM/W2082/083) का लागि मिति २०८२/११/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित अनलाइन बोलपत्र आह्वानसम्बन्धी सूचना बमोजिम म्यादभित्र प्राप्त तपसिलका २ वटा बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा योग्य रहेको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम मिति २०८३/०१/२१ गते दिउँसो १ बजे लम्कीचुहा नगरपालिकाको कार्यालयमा खोलिने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| प्राविधिक मूल्यांकनमा छनोट भएका बोलपत्रदाताहरूको नाम र ठेगाना |
|---|
| 1 . nirajan Construction Pvt .Ltd . Tikapur, Kailali |
| 2 . H .M .-Nawayuga J .V . Lamkichuha, Kailali |

**Chief Administrative Officer**



**साउदीमा रोजगार** कम्पनी : DURRAT WATANI LAUNDRY

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१० | LT. No. 339320 | चलानी नं. ६०२५३४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LAUNDRY WORKER | 1 | 0 | 1000 | ४०,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INDUSTRIAL RESOURCE DEVELOPMENT CORPORATION FOR GENERAL

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 340938 | चलानी नं. ६०२५४२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 22 | 0 | 1000 | ४०,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १८ गते (1st May 2026) मा हुनेछ ।

नोट : यो विज्ञापन वैशाख ११ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले आज मिति २०८३ वैशाख १२ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
License No. : 333/059/60



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: HARTA PACKAGING INDUSTRIES SDN BHD
कम्पनी : हर्त प्याकेजिङ इन्डस्ट्रिज एसडिएन बिएचडि

Pre Approval Date : 2026-04-24 | LT. No.341054 | Invoice No. 60254386
पूर्व स्वीकृति मिति : २०८३/०१/११ | एल टि न. ३४१०५४ | चलानी नं. ६०२५४३८६

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जेनेरल वर्कर/पि.ओ | ११ | ० | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष | १७०० | ६४,६२० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | दुई वर्ष |
| 1. | General Worker/P.O | 11 | 0 | Proficient in reading, writing & speaking basic English | 1700 | 64,620 | As per the company rule | 8 Hours | 6 Days | As per the company rule | No | Yes | 2 Years |

The final interview will be conducted in the office on 2nd May. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १९ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

**नोट:** आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा शान्ती ओभरसिज प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Santi Overseas Pvt. Ltd. to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने — रोजगारदाताले ब्यहोर्ने
who will bear the Service Fee — By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Santi Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

SANTI OVERSEAS PVT. LTD.
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769,
Mob: 9801081597, E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com
श्रम ईजाजत नं. १४९५/०७४/०७५

# प्रभाव दैनिक

शनिबार, १२ वैशाख २०८३ (Saturday, 25 April 2026)



रूपशाला

**कुलेन्द्र र रचनाको 'रातो रातो बर्को' सार्वजनिक**

गायक कुलेन्द्र विश्वकर्मा र गायिका रचना रिमालको स्वर रहेको गीत 'रातो रातो बर्को' सार्वजनिक भएको छ । गीतमा नेत्र अर्यालको शब्द र खेम सेञ्चुरीको संगीत रहेको छ । गीतको भिडियोमा प्रथम क्षेत्री र सुनिशा बजगाईंको आकर्षक अभिनय देख्न सकिन्छ । भिडियोमा करण चैसिर र उनको टिमले छायाङ्कन गरेका हुन् भने सम्पादन लक्ष्मण चौहानले गरेका हुन् । भिडियोमा निर्देशन प्रथम क्षेत्रीले गरेका हुन् ।




# प्रकाश सपुत अभिनित 'परालको आगो' हलमा



■ प्रभाव संवाददाता

**काठमाडौं-** फिल्म 'परालको आगो'को प्रदर्शनमा आएको छ । शुक्रबार बिहानदेखि दर्शकले हलहरू भरिभराउ देखिएका छन् ।

फिल्मले देशभरका डेढ सयभन्दा बढि शो पाएको छ । दर्शकको उत्साहलाई ध्यानमा राखी हलवालाले यो फिल्मलाई उच्च शो दिएका हुन् ।

फिल्मका निर्माता सुशील पोखरेलले अधिकांश हल हाउफुल रहेको बताए । निर्माण टिम शुक्रबार बिहानैबाट हलहलमा दर्शक भेट्न पुगिरहेका छन् ।

रनटाइम १३५ मिनेट लामो यस फिल्मले युनिभर्सल सर्टिफिकेट पाएको यो गुरु प्रसाद मैनालीको अमर कृति 'परालको आगो'बाट लिएको हो । त्यसले पनि दर्शकको यो फिल्मप्रति दर्शकको चासो बढेको हो ।

फिल्ममा सुहाना थापा, सौगात मल्ल, प्रकाश सपुत, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र बाल कलाकार मन्जिला बानियाँ लगायतले अभिनय गरेका छन् ।

हरि ॐ सिने मेकर्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यस फिल्ममा लगानी सुशील पोखरेलले गरेका छन् । यस फिल्मको पटकथा तथा संवाद सुशील देवकोटाले लेखेका छन् भने फिल्मको भिएफएक्स समिर मिया र सत्यम रानाले गरेका छन् ।

साथै फिल्मको टिजर तथा ट्रेलर सम्पादनको काम साहिल खानको छ । यस फिल्मको पार्श्व संगीतमा किरण तुलाधर,संगीतमा शान्ति ठटाल, सत्य-स्वरूप आचार्य र प्रकाश सपुतले गरेका छन् । फिल्मका गीतका शब्द रचना मनबहादुर मुखिया, सुरेन्द्र राना र प्रकाश सपुतको शब्दको छ। सुलभी पोखरेल र सत्यम पोखरेल निर्माता रहेको यस फिल्मलाई नेपालभरको फिल्मको वितरण आर आर फिल्मसले गर्दैछ । साथै डिजिटल अधिकार ओएसआरले लिएको छ ।

# नीर शाह निर्देशित 'कमला मिस' साउन २२ मा

■ प्रभाव संवाददाता

**काठमाडौं-** वरिष्ठ कलाकार तथा निर्देशक नीर शाहको निर्देशनमा निर्माण भएको चलचित्र कमला मिस को प्रदर्शन मिति घोषणा गरिएको छ ।

बिहीबार वितरक कम्पनीहरूसँग सम्झौता गर्दै चलचित्रलाई आगामी साउन २२ गतेबाट प्रदर्शनमा ल्याउने तय गरिएको हो । फिल्मलाई एप्पल इन्टरटेन्मेन्ट, रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरण गर्नेछन् ।

मनोवैज्ञानिक कथावस्तुमा आधारित यस चलचित्रमा निर्देशक नीर शाहसँगै रमेश बुढाथोकी, बासना तिमिल्सिना, शिवम सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, कृष्ण मुरारी ढुंगेल, सुशान्त कुमार श्रेष्ठ, जयन्त रेग्मी, सुरेश थापा, राजन केसी र संजय खतिवडा लगायत कलाकारहरूको मुख्य भूमिका रहेको छ ।

विजय मल्ल स्मृति प्रतिष्ठान का लागि उमा मल्ल ले निर्माण गरेको यस चलचित्रका कार्यकारी निर्माता उमेश मल्ल र चैतन्य प्रधान हुन् भने लाइन प्रोड्युसर पुष्कर लामा रहेका छन् । चलचित्रको कथा विजय मल्लको हो भने पटकथा तथा संवाद नीर शाह, प्रजल दुलाल र सुगम दुलाल ले संयुक्त रूपमा तयार पारेका छन् ।

चलचित्रमा शिवराम श्रेष्ठ को छायांकन, युग भुसाल को संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहेको छ । निर्माण व्यवस्थापन भोला सुबेदी ले सम्हालेका छन् भने मुख्य सहायक निर्देशक सगर बोहरा हुन् ।

करिब एक दशकपछि निर्देशनमा फर्किएका नीर शाह नेपाली चलचित्र क्षेत्रमा लामो समयदेखि सक्रिय छन् । उनले यसअघि वासुदेव, पच्चीस वसन्त, राजमती, वसन्ती, मसान र सेतोबाघ जस्ता चर्चित चलचित्र निर्देशन गरिसकेका छन् ।

# 'रोल नं १'को टाइटल गीत सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं-** चलचित्र 'रोल नं १'को गीत सार्वजनिक भएको छ । सेभेन सिज सिनेमाको ब्यानरमा निर्माण भएको सिनेमाको टाइटल सङ रिलिज भएको हो । टाइटल सङमा प्रशान्त शिवाकोटीको शब्द, संगीत तथा स्वर रहेको छ ।

सार्वजनिक गीतले नेपाली शिक्षा प्रणाली र विद्यालय तहमा हुने 'र्याङ्किङ' (श्रेणी) को दौडमा बालबालिकाले भोग्नुपर्ने दबाबलाई मुख्य विषय बनाएको छ । जसमा एक ग्रामीण भेगको बालकको कथा देखाइएको छ । गीतका शब्दहरूले 'अरू सबै मुर्ख, एउटै मात्र विद्वान' भन्दै विद्यालयमा पहिलो हुने विद्यार्थीलाई मात्र सम्मान दिने सामाजिक सोचमाथि कडा प्रहार गरेको छ ।

गीतले बालमनोविज्ञान केलाउने प्रयास गरेको छ । पढाइसँगै गलत शैक्षिक प्रणालीका कारण बालबालिकामा त्यसको कस्तो असर पर्छ भन्ने यो सिनेमाको मुख्य कथा हो । सिनेमाको यही थिमको वरपर रहेर चलचित्रको गीत तयार भएको छ ।

भिडियोमा हिमाली भेगको सुन्दर दृश्य, ढुङ्गाले बनेका परम्परागत घर र ग्रामीण स्कुलको जनजीवनलाई बडो कलात्मक ढंगले उतारिएको छ । एकातिर बालकले मैनबत्तीको उज्यालोमा अबेरसम्म पढ्नुपर्ने बाध्यता छ भने अर्कोतिर साथीहरूसँग भलिबल खेल्ने र घुम्ने उसको रहरलाई दबाइएको देखिन्छ । 'रट्टा मार' भन्दै विद्यार्थीलाई बुझ्नुभन्दा पनि घोक्न लगाइने प्रवृत्तिलाई गीतले व्यङ्ग्य गरेको छ ।

गीतले सिनेमालाई अपिलिङ बनाउने बल राख्ने देखिएको छ । भविष्य उज्योजा बनाउन स्कुल जाने विद्यार्थीमा उल्टै कस्तो असर परिरहेको छ देखाउने प्रयास गीतमार्फत गरिएको छ ।

'हरेक विद्यार्थीको कथा' स्लोगन दिएको विनोद पौडेलको चलचित्र 'रोल नं १' जेठ १५ गते (गणतन्त्र दिवस)बाट नेपालभरका हलमा प्रदर्शन हुँदैछ ।

जोन योञ्जनको निर्देशनमा तयार भएको चलचित्रमा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी मुख्य भूमिकामा छन् । चलचित्रको बाल-कलाकारमा निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठ रहेका छन् ।

विनोद पौडेल र जान्वी पौडेल निर्माता रहेको चलचित्रको सह-निर्मातामा छत्रमाया गिरी र रमेश चौलागाई छन् । यो चलचित्रलाई महेश दवाडीले लेखेका हुन् । हिमाली जिल्ला म्यादीका विभिन्न रमणीय तथा ग्रामीण भेगहरूमा छायांकन गरिएको यो सिनेमाको डीओपी शिव राम श्रेष्ठ रहेका छन् ।

चलचित्रमा प्रशान्त शिवाकोटीको संगीत, रोहित शाक्यको भिजिएम, फिरोज खड्का चिफ एडी, प्रोडक्सन डिजाइनरमा कला संग्रौला र प्रोडक्सन हेड मनोज जोशी रहेका छन् । चलचित्रका सम्पादक मदन घिमिरे हुन् । निर्माता पौडेलका अनुसार यो चलचित्र नेपालका साथै विदेशमा पनि एकसाथ प्रदर्शनमा ल्याइनेछ । चलचित्रलाई रिच इन्टरटेन्मेन्ट र जे एम सिनेमाले वितरण गर्ने जिम्मा लिएको छ ।

## रंगशाला

नेपाल 'ए'-ओमान एकदिवसीय

# दोस्रो खेलमा नेपाल 'ए'द्वारा ओमान पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं-** ओमानसँगको दुई खेलको एक दिवसीय शृंखलामा शुक्रबार नेपाल ए विजयी भएको छ । माथिल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा नेपाल 'ए' ले ओमानलाई ११५ रनको फराकिलो अन्तरले पराजित गरेको हो ।

यसरी दुई खेलको उक्त शृङ्खला १-१ को बराबरीमा सकिएको छ । बिहीबार भएको पहिलो खेलमा ओमानले नेपाल 'ए' लाई ७० रनले पराजित गरेको थियो । आज नेपाल एले ओमानलाई २८५ रनको चुनौती दिएको थियो । जवाफमा ओमान ३६ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै १६९ रनमा समेटियो । ओमानका लागि मुजिबुर अलीले सर्वाधिक ४३ रन बनाए । त्यस्तै जितेन रामानन्दीले २४ र विनायक शुक्लाले २१ रन जोडे ।

ओमानलाई १६९ रनमा समेट्ने क्रममा नेपाल एका लागि युवराज खत्रीले तीन विकेट लिए भने हेमन्त धामी, आकाश चन्द र शेर मल्लले समान दुई विकेट झारे । त्यस्तै सन्तोष यादवले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल एले निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै २८४ रन बनाएको थियो । नेपालका लागि इशान पाण्डेले सर्वाधिक ६९ रनको योगदान दिए । त्यसैगरी देव खनाल ६४, कुशल मल्ला ५७, सन्दीप जोरा ४२, सन्तोष यादव १५ तथा अर्जुन कुमाल १३ रनमा आउट भए ।

शनिबारदेखि सुरु हुने आइसिसी विश्वकप क्रिकेट लिग-२ खेल्न ओमान नेपाल आएको हो । सोही प्रतियोगिताको तयारी स्वरूप ओमानले नेपाल एसँग अभ्यास खेल खेलेको हो । विश्वकप लिग-२ मा शनिबार नेपाल र संयुक्त अरब इमिरेट्स आमनेसामने हुनेछन् । कीर्तिपुरस्थित त्रिवि मैदानमा हुने उक्त खेल बिहान ९:३० बजेदेखि सुरु हुनेछ ।

आइसिसी महिला टी-२० च्यालेन्ज ट्रफी

# नेपाल भानुआतुसँग पराजित

**काठमाडौं (प्रस)-** आइसिसी महिला टि-ट्वान्टी च्यालेन्ज ट्रफीमा नेपाल भानुआतुसँग पराजित भएको छ ।

रुवाण्डाको किगालीस्थित गहंगा क्रिकेट ओभलमा शुक्रबार भएको खेलमा नेपाल भानुआतुसँग २२ रनले पराजित भएको हो । जितका लागि ९८ रनको लक्ष्य पछ्याएको नेपाल १५.३ ओभरमा सबै विकेट गुमाउँदै ७५ रनमै समेटियो ।

नेपालका लागि सम्झना खड्काले सर्वाधिक २४ रनको योगदान दिइन् । उनले १९ बलमा ४ चौका प्रहार गरिन् । त्यस्तै कप्तान इन्दु बर्माले १३ र कविता कुँवरले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ भानुआतुका लागि भानेसा भिरर र नासिमाना नवाइकाले तीन तीन विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको भानुआतुले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै ९७ रन बनायो ।



भानुआतुका लागि भालेन्टा लाङ्यिआतुले सर्वाधिक ४२ रनको योगदान दिइन् । उनले ५० बलमा दुई चौका र दुई छक्का हानिन् । त्यस्तै नासिमाना नवाइकाले १८ तथा सेलिना सोलमन र सुसन स्टीफनले १०/१० रन बनाए ।

बलिङतर्फ नेपालका लागि रिया शर्माले ४ ओभरमा ११ रन खर्चेर २ विकेट लिइन् । यस्तै मनिषा उपाध्याय, कविता कुँवर र रचनाकुमारी चौधरीले एक एक विकेट लिए । अब नेपालले यही वैशाख १३ गते अमेरिकासँग खेल्नेछ ।

# मनकामनादेखि गोरखा दरबारसम्म म्याराथन हुने

■ प्रभाव संवाददाता

**गोरखा-** धार्मिक तथा ऐतिहासिक स्थललाई जोड्दै गोरखामा आगामी वैशाख १४ गते म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ ।

जिल्ला खेलकुद विकास समिति गोरखाको आयोजनामा र गण्डकी प्रदेश खेलकुद परिषदको सहयोगमा मनकामना मन्दिरदेखि गोरखा दरबारसम्म म्याराथन दौड सञ्चालन गर्न लागिएको हो ।

प्रतियोगिताअन्तर्गत ४२ किलोमिटर म्याराथनसँगै १० किलोमिटर र ५ किलोमिटर दूरीका महिला तथा पुरुष दौडसमेत समावेश गरिनेछ । आयोजकका अनुसार गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट प्रत्येक विधामा एक-एक जना महिला र पुरुष खेलाडीको सहभागिता रहनेछ ।

धार्मिक पर्यटन प्रवर्द्धन, जिल्लाका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रचार-प्रसार तथा स्थानीय खेलाडीको क्षमता विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।

म्याराथनको रुट मनकामना मन्दिरबाट सुरु भई विभिन्न गाउँ तथा बजार क्षेत्र पार गर्दै अन्तत: गोरखकाली मन्दिर हुँदै गोरखा दरबार क्षेत्रमा पुगेर सम्पन्न हुनेछ ।

म्याराथनतर्फ प्रथम हुने महिला तथा पुरुषले ५५ हजार रूपैयाँ, द्वितीयले ३० हजार र तृतीयले २० हजार रूपैयाँ प्राप्त गर्नेछन् भने अन्य विधामा पनि आकर्षक नगद पुरस्कारको व्यवस्था गरिएको छ ।



जर्मनीको एम्डेन बन्दरगाहमा लोड गर्न पार्क गरिराखिएका कारहरू । *तस्बिरः एपी*

# हर्मुज तनावबीच युद्धविराम विस्तार

**वासिङ्टन–** मध्यपूर्वमा जारी तनावकाबीच इजरायल र लेबनानबीचको युद्धविराम थप अवधि लागि विस्तार गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार यस्तो घोषणा गर्दै इरानसँगको शान्ति वार्ता अझै अन्योलमै रहेको बताए । इरानसँगको वार्ता अपेक्षितरूपमा अघि बढ्न नसक्दा क्षेत्रीय सुरक्षा अवस्था अझ जटिल बनेको देखिएको छ ।



लेबनानमा हालै इजरायली आक्रमण भइरहेका बेला इरानसमर्थित हिजबुल्लाहले नयाँ रकेट प्रहार गरेको थियो । यद्यपि, त्यसबीच ट्रम्पले दुवै देशका राजदूतहरूसँग भेटवार्ता गरेपछि युद्धविराम विस्तारको निर्णय सार्वजनिक गरेका हुन् । प्रारम्भिकरूपमा आइतबारसम्म लागू हुने भनिएको युद्धविराम अब केही समय थप कायम रहने छ ।

पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले क्षेत्रीय शान्तिको सम्भावना अझै बलियो रहेको बताए । उनका अनुसार परिस्थिति सहजरूपमा समाधान हुन सक्ने आधारहरू अझै बाँकी छन् । तथापि, यसअघि उनले इरानसँगको द्वन्द्व अन्त्य गर्न आफू हतारमा नरहेको पनि स्पष्ट पारेका थिए । यसैबीच, तेस्रो अमेरिकी विमानवाहक पोत मध्यपूर्व क्षेत्रमा आइपुगेपछि सैन्य उपस्थिति थप सुदृढ भएको छ ।

इरानी सञ्चारमाध्यमहरूले राजधानी तेहरानमा विष्फोट भएको खबर दिएका छन् । यो दुई साताअघि लागू गरिएको युद्धविरामपछि पहिलो घटना हो । विष्फोटको कारण भने स्पष्ट हुन सकेको छैन । एक इजरायली सुरक्षा स्रोतले आफ्नो देशले हाल इरानमा कुनै आक्रमण नगरेको दाबी गरेको छ ।

क्षेत्रीय तनावको अर्को केन्द्र बन्दै गएको स्ट्रेट अफ हर्मुजमा अवस्था झनै संवेदनशील बनेको छ । विश्वको करिब पाँचौं भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास यही मार्ग हुँदै ओसारपसार हुने भएकाले यसको अवरोधले अन्तर्राष्ट्रिय बजारमा ठूलो असर पार्ने देखिएको छ । इरानले युद्धको प्रतिक्रियास्वरूप उक्त जलमार्ग प्रभावकारीरूपमा बन्द गरेको जनाएको छ ।

ट्रम्पले सामाजिक सञ्जालमार्फत इरानलाई समय सीमित रहेको चेतावनी दिँदै आफूलाई पर्याप्त समय भए पनि इरानमाथि दबाब बढ्दै गएको संकेत गरे । उनले इरानविरुद्ध आणविक हतियार प्रयोग नगर्ने प्रतिबद्धता जनाउँदै अमेरिकी नौसेनालाई जलमार्गमा बारुदी सुरुङ राख्ने कुनै पनि इरानी डुंगालाई नष्ट गर्न निर्देशन दिएका छन् । यसैक्रममा अमेरिकी सेनाले युएसएस जर्ज एच डब्लु बुश विमानवाहक पोत क्षेत्रमै पुगेको पुष्टि गरेको छ । यससँगै मध्यपूर्व क्षेत्रमा सक्रिय अमेरिकी युद्धपोतहरूको संख्या तीन पुगेको छ । युएस सेन्ट्रल कमाण्डका अनुसार एक पोत लाल सागरमा र अन्य पोतहरू पनि आसपास क्षेत्रमा परिचालनमा छन् ।

इरानले भने आफ्नो जलमार्ग नखोल्ने अडान दोहोऱ्याउँदै अमेरिकी दबाब अस्वीकार गरेको छ । उसले आफ्ना बन्दरगाहमा अमेरिकी नाकाबन्दी कायम रहुञ्जेल स्ट्रेट अफ हर्मुज सबैका लागि बन्द रहने बताएको छ । साथै, उक्त मार्ग प्रयोग गर्न खोज्ने जहाजबाट शुल्क उठाउन थालेको पनि जनाएको छ ।

इरानी नेतृत्वभित्र विभाजन भएको ट्रम्पको दाबीलाई त्यहाँका शीर्ष नेताहरूले अस्वीकार गरेका छन् । राष्ट्रपति, संसद् अध्यक्ष र मुख्य न्यायाधीशले सामाजिक सञ्जालमार्फत राष्ट्रिय एकताको सन्देश दिँदै बाह्य प्रभावले आन्तरिक स्थायित्वमा असर पार्न नसक्ने बताएका छन् ।

यसैबीच, पाकिस्तानमा सम्भावित शान्ति वार्ता पुनः सुरु हुने संकेत देखिए पनि हालसम्म कुनै औपचारिक प्रतिनिधिमण्डल त्यहाँ पुगेको छैन । इस्लामाबादमा भने सुरक्षाका कडा उपायहरू अपनाइएका छन् । युरोपेली देशहरू पनि क्षेत्रीय संकट समाधानका लागि सक्रिय भएका छन् र उनीहरूले मध्यपूर्वका देशहरूसँग गहन संवादको तयारी गरिरहेका छन् । *रासस/एएफपी*

# ट्रम्पको 'नरक' पोस्टले भारत र अमेरिकाबीच चर्कियो कूटनीतिक विवाद

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सामाजिक सञ्जालमा गरिएको एक विवादास्पद अभिव्यक्तिले भारत-अमेरिका सम्बन्धमा नयाँ तनाव सिर्जना गरेको छ । भारतले उक्त टिप्पणीलाई कडा शब्दमा अस्वीकार गर्दै अनुचित र वास्तविकतासँग असम्बन्धित भएको जनाएको छ ।



बुधबार राति ट्रम्पले सामाजिक सञ्जालमा साझा गरेको पोस्टमा अमेरिकामा जन्मिएका सबैलाई स्वतः नागरिकता दिने संवैधानिक व्यवस्थामाथि आलोचना गरिएको थियो । सो पोस्टमा विशेषगरी भारतीय आप्रवासीहरूलाई लक्षित गर्दै उनीहरूले अमेरिकी मूल निवासीहरूलाई रोजगारी नदिने र अंग्रेजी भाषामा दक्षता नभएको आरोप लगाइएको थियो । त्यस्तै, भारतलाई 'नरक' भन्दै गरिएको टिप्पणीले थप विवाद निम्त्याएको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ती अभिव्यक्तिहरूलाई 'स्पष्टरूपमा अज्ञात, अनुपयुक्त र खराब स्वादमा' भएको प्रतिक्रिया दिए । उनले यस्ता भनाइहरूले भारत-अमेरिका सम्बन्धको वास्तविक स्वरूप झल्काउन नसक्ने बताउँदै दुई देशबीचको सम्बन्ध दीर्घकालीन आपसी सम्मान र साझा हितमा आधारित रहेको उल्लेख गरे ।

यसैबीच, भारतीय मूलका अमेरिकी डेमोक्रेट सांसद अमी बेराले पनि ट्रम्पको टिप्पणीको आलोचना गर्दै यसलाई 'आपत्तिजनक, अज्ञानी र पदको गरिमाभन्दा तल' रहेको बताए । उनले ट्रम्पले आप्रवासी परिवारहरूले भोग्ने संघर्ष कहिल्यै अनुभव नगरेको टिप्पणी गरे ।

हिन्दू अमेरिकन फाउण्डेसनलेसमेत उक्त पोस्टप्रति आपत्ति जनाउँदै यसलाई 'घृणित र जातिवादी अभिव्यक्ति'को संज्ञा दिएको छ । संस्थाले यस्तो अभिव्यक्तिले समाजमा विद्यमान जेनोफोबिया र जातीय विभाजनलाई अझ बढावा दिने चेतावनी दिएको छ । अमेरिकामा आप्रवासन नीतिमा कडाइ ल्याउने आफ्नो प्रमुख एजेण्डाअन्तर्गत ट्रम्पले विशेषगरी भारतीय प्राविधिक कामदारहरूले प्रयोग गर्ने भिसा प्रणालीलाई लक्षित गर्दै आएका छन् । यसले दुई देशबीचको सम्बन्धमा थप जटिलता थपेको छ ।

यसअघि पनि भारत-पाकिस्तानबीचको तनावका क्रममा आफ्नो मध्यस्थतालाई पर्याप्त महत्त्व नदिएको भन्दै ट्रम्पले भारतप्रति असन्तुष्टि जनाउँदै व्यापारिक क्षेत्रमासमेत दबाब सिर्जना गर्न उच्च शुल्क लगाएका थिए । यसले दुई देशबीचको कूटनीतिक सम्बन्धमा चिसोपना ल्याएको विश्लेषण गरिएको छ ।

रोचक पक्ष के छ भने, विशेषगरी चीनसँगको रणनीतिक प्रतिस्पर्धालाई ध्यानमा राख्दै विगतका अमेरिकी प्रशासनहरूले विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भारतसँग सुदृढ सम्बन्ध कायम राख्न निरन्तर प्रयास गर्दै आएका थिए । तर ट्रम्पको पछिल्लो अभिव्यक्तिले सो दीर्घकालीन रणनीतिमा प्रश्न उठाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोको आसन्न भारत भ्रमणको तयारी भइरहेका बेला यस्तो विवाद सतहमा आउनु अर्थपूर्ण मानिएको छ । कूटनीतिक वृत्तमा यसलाई दुई देशबीचको सम्बन्ध सुधार्ने प्रयासका लागि चुनौतीका रूपमा हेरिएको छ । *रासस/एएफपी*

# ड्रोन विवादमा युनमाथि थप सजाय माग

**सियोल–** उत्तर कोरियासँगको संवेदनशील सैन्य तनावबीच दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक योलविरुद्ध कानुनी दबाब थप कडा बनेको छ । सन् २०२४ मा उत्तर कोरियातर्फ सैन्य ड्रोन पठाएको आरोपमा विशेष अभियोजकहरूले उनलाई थप ३० वर्ष कैद सजाय सुनाउन माग गरेका छन्, जसले पहिले नै आजीवन कारावास भोगिरहेको अवस्थालाई अझ गम्भीर बनाएको छ ।

विशेष अभियोजकहरूको दाबीअनुसार युनले सो ड्रोन अपरेसनमार्फत जानाजानी 'युद्धकालीन अवस्था' सिर्जना गर्न खोजेका थिए, जसले राज्यको सुरक्षामा प्रत्यक्ष असर पारेको ठहर गरिएको छ । अभियोजन पक्षले यसलाई दुश्मनलाई सहयोग पुऱ्याउने कार्यका रूपमा व्याख्या गर्दै नयाँ सजाय आवश्यक भएको उल्लेख गरेको छ ।

यो आरोप युनले सोही वर्ष घोषणा गरेको विवादास्पद मार्सल लसँग पनि जोडिएको छ । अभियोजनका अनुसार ड्रोन आक्रमणको योजना उक्त मार्सल ल घोषणा गर्न बहाना तयार पार्ने उद्देश्यले गरिएको थियो । उक्त कदम असफल भएपछि उनविरुद्ध महाभियोग लगाइयो, पदबाट हटाइयो र अन्ततः विद्रोहको अभियोगमा आजीवन कारावासको सजाय सुनाइएको थियो ।

अभियोजनपक्षले ड्रोन अपरेसनले उत्तर कोरियासँगको तनाव चर्काएकोमात्र नभई गोप्य सैन्य जानकारी पनि बाहिरिएको जनाएको छ । ड्रोनहरू दुर्घटनाग्रस्त भएपछि तिनमा रहेको संवेदनशील विवरण सार्वजनिक भएको दाबी गरिएको छ, जसले राष्ट्रिय सुरक्षामा थप जोखिम निम्त्याएको बताइएको छ ।

यसअघि फेब्रुअरीमा युनलाई दक्षिण कोरियाको राष्ट्रिय सभालाई 'अवरुद्ध' पार्ने उद्देश्यले विद्रोह नेतृत्व गरेको अभियोगमा दोषी ठहर गर्दै आजीवन कारावास सुनाइएको थियो । यद्यपि, उनले आफूले गरेका कदमहरू 'राष्ट्रको हितका लागिमात्र' भएको जिकिर गर्दै उक्त सजायविरुद्ध अपिल गरेका छन् । उत्तर कोरिया र दक्षिण कोरिया प्राविधिकरूपमा अझै युद्ध अवस्थामै रहेका कारण यस्ता सैन्य गतिविधिहरू अत्यन्त संवेदनशील मानिन्छन् । पछिल्लो समय ड्रोन उडानहरू दुई देशबीचको तनावको प्रमुख कारणका रूपमा देखिएका छन् ।

यसै सन्दर्भमा, हालका दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले जनवरीमा सरकारी तहबाट उत्तर कोरियातर्फ ड्रोन पठाइएको घटनाबारे अनुसन्धानपछि प्योङयाङप्रति खेद व्यक्त गरेका थिए । उनले अघिल्लो प्रशासनका कदमहरूले तनाव बढाएको स्वीकार गर्दै सम्बन्ध सुधार गर्ने प्रतिबद्धता जनाएका छन् ।

उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनीले लीको अभिव्यक्तिलाई 'बुद्धिमानीपूर्ण' भनेकी छन् । तर, उत्तर कोरियाले दक्षिणलाई अझै 'सबैभन्दा शत्रुतापूर्ण' राष्ट्रका रूपमा चित्रण गरिरहेकाले सम्बन्ध सुधारको सम्भावना अनिश्चित नै देखिएको छ ।

राष्ट्रपति लीले युनको कार्यशैलीबाट टाढा रहँदै उत्तर कोरियासँगको सम्बन्ध सुधार गर्ने नीति अघि बढाउने संकेत गरेका छन् । साथै, ड्रोन घटनामा पूर्ववर्ती नेतृत्वबाट सार्वजनिकरूपमा माफी मागिनुपर्ने धारणासमेत व्यक्त गरिएको छ, जसले दक्षिण कोरियाको आन्तरिक राजनीतिमा पनि नयाँ बहस सिर्जना गरेको छ । *रासस/एजेन्सी*

# डिपसिकको नयाँ एआईले तातायो विश्व प्रविधि दौड

**बेइजिङ–** कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा चीन-अमेरिका प्रतिस्पर्धा तीव्र भइरहेका बेला चिनियाँ स्टार्टअप डिपसिकले बहुप्रतीक्षित नयाँ एआई मोडेल सार्वजनिक गरेको छ । कम लागतमै उच्च क्षमताको मोडेल विकास गरेर यसअघि नै विश्वको ध्यान खिचेको कम्पनीले यसपटक अझ उन्नत संस्करण ल्याउँदै प्रविधि दौडलाई नयाँ मोड दिएको छ ।




डिपसिकले सार्वजनिक गरेको 'डिपसिक-भी४' मोडलले अत्यन्त लामो सन्दर्भ क्षमतासहित काम गर्ने सुविधा प्रदान गर्ने जनाएको छ । कम्पनीका अनुसार यसले करिब १० लाख शब्दसम्मको इनपुट सम्हाल्न सक्छ, जसले जटिल कार्यहरूमा यसको उपयोगिता उल्लेखनीयरूपमा बढाउने छ । सामाजिक सञ्जाल विच्याटमार्फत जारी विज्ञप्तिमा यसलाई 'लागत-प्रभावकारी' र प्रतिस्पर्धी मोडेलहरूको स्तरमा पुग्ने क्षमतायुक्त रूपमा प्रस्तुत गरिएको छ ।

विश्वका ठूला प्रविधि कम्पनीहरू कृत्रिम बौद्धिकतामा ठूलो लगानी गर्दै कार्यबल पुनर्संरचना गरिरहेको बेला यो घोषणा आएको हो । मेटाले उत्पादकत्व बढाउने उद्देश्यले आफ्ना कर्मचारीहरूको उल्लेख्य हिस्सा कटौती गर्ने योजना अघि बढाएको छ भने माइक्रोसफ्टले पनि आफ्नो संरचना सानो बनाउने तयारी गरिरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

डिपसिक-भी४ लाई दुई संस्करणमा ल्याइएको छ- भी४-प्रो र भी४-फ्ल्यास । भी४-प्रोमा करिब १६ खर्ब प्यारामिटरहरू समावेश छन् भने भी४-फ्ल्यासमा दुई खर्ब ८४ अर्ब प्यारामिटरहरू छन् । फ्ल्यास संस्करणलाई तुलनात्मकरूपमा सस्तो र बढी दक्ष विकल्पका रूपमा प्रस्तुत गरिएको छ । यी प्यारामिटरहरूले मोडेलको निर्णय क्षमता र विश्लेषण गर्ने दक्षतालाई परिष्कृत बनाउने कम्पनीको दाबी छ ।

कम्पनीका अनुसार नयाँ मोडेलले 'एजेन्ट क्षमताहरू, विश्व ज्ञान र तर्क प्रदर्शन' का क्षेत्रमा खुला स्रोत तथा घरेलु दुवै खालका मोडेलहरूलाई उछिनेको छ । साथै, क्लाउड कोड, ओपनक्ला, ओपनकोड र कोडबड्डीजस्ता लोकप्रिय एआई उपकरणहरूसँग पनि यसलाई अनुकूल बनाइएको जनाइएको छ । कम्पनीले यसको प्रारम्भिक 'ओपन सोर्स' संस्करण प्रयोगकर्ताहरूका लागि उपलब्ध गराइसकेको छ ।

डिपसिकले गत वर्ष जनवरीमा आर१ तर्क मोडेलमा आधारित च्याटबोट सार्वजनिक गरेपछि विश्वबजारमा ठूलो हलचल मच्चिएको थियो । 'डिपसिक झट्का' भनेर चिनिएको उक्त घटनाले एआई क्षेत्रका सेयर बजारमा प्रभाव पार्नुका साथै प्रविधि रणनीतिमा पुनर्विचार गर्न बाध्य बनाएको थियो । उक्त च्याटबोटले च्याटजिपिटीजस्ता अमेरिकी उत्पादनहरूसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता देखाए पनि यसको विकासमा कम कम्प्युटिङ शक्ति प्रयोग भएको कम्पनीको दाबी थियो ।

यद्यपि, यसको तीव्र लोकप्रियतासँगै डेटा गोपनीयता र सेन्सरसिपसम्बन्धी चिन्ताहरू पनि उठेका थिए । विशेषगरी सन् १९८९ को तियानमेन घटनाजस्ता संवेदनशील विषयहरूमा प्रश्न गर्दा च्याटबोटले जवाफ दिन अस्वीकार गर्ने गरेको आरोप लागेको थियो । *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : MIZAN AL- SABBAGH TRADING EST.

पूर्व स्वीकृति मिति : २०८३/०१/१० | LT. No. 341029 | चलानी नं. ६०२५४३७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | 1000 | ४०,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साल १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९०४/०६७/०६८

DECENT EMPLOYMENT PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

**कतारमा रोजगार** कम्पनी : AL HAIFAA BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 318901 | चलानी नं. ६०२३३०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser (Female) | 0 | 2 | 2200 | ९१,०६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Henna | 0 | 2 | 2200 | ९१,०६१ | | | | | | | |
| 3. | Manicurist (Female) | 0 | 4 | 2200 | ९१,०६१ | | | | | | | |
| 4. | Office Cleaners (Female) | 0 | 2 | 1000 | ४१,३९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

**युएइमा रोजगार** कम्पनी : ALUFAB ALUMINIUM AND GLASS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/११ | LT. No. 341030 | चलानी नं. ६०२५४३९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Doors Maker | 2 | 0 | 1500 | ६१,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminium Fitter | 2 | 0 | 1500 | ६१,४५५ | | | | | | | |
| 3 | Glass carver | 2 | 0 | 1500 | ६१,४५५ | | | | | | | |
| 4 | Glass Modular | 2 | 0 | 1500 | ६१,४५५ | | | | | | | |
| 5 | Glass Polisher | 2 | 0 | 1500 | ६१,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, Asmit Kumar Gupta : 9801186932
E-mail: info@rosebudhr.com, Web:www.rosebudhr.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६५०० | प्रति तोला – ० | प्रति तोला – ५९५४ |



**उवा खेती** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–४ कागबेनीमा हरियाली उवा खेती र पृष्ठभूमीमा पहाड ।

*तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# लगानीमैत्री वातावरण बनाउन निजी क्षेत्रको आग्रह

■ **प्रभाव संवाददाता**

FNCCI Federation of Nepalese Chambers of Commerce & Industry Estd. 1965 | CNI CONFEDERATION OF NEPALESE INDUSTRIES | नेपाल चेम्बर NEPAL CHAMBER

**काठमाडौं–** निजी क्षेत्रले नयाँ सरकार गठनपछि मुलुकमा स्थिरता कायम हुने र लगानीको वातावरण बन्ने अपेक्षाबिच उद्यमी व्यवसायीमाथि भएको धरपकड र थुनछेकबाट निरुत्साहित भएको बताएको छ । शुक्रबार नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, र नेपाल चेम्बर अफ कमर्सले संयुक्त विज्ञप्ती निकाल्दै यस्तो बताएको हो ।

अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुऱ्याइरहेको निजी क्षेत्र त्रसित हुनुपर्ने अवस्था आएको भन्दै उनीहरूले अर्थतन्त्र, रोजगारी, राजश्व एवं पूर्वाधार निर्माणमा समेत गम्भीर असर पर्नेमा सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

विज्ञप्तीमा भनिएको छ, 'नियामकीय निकायका प्रतिवेदनका आधारमा मात्रै पनि उद्योगी व्यवसायीलाई पक्राउ गरिएको सन्दर्भमा आर्थिक कसुरका सम्बन्धमा पहिले सुन्ने अनि कसुर प्रमाणित भएपछि मात्र थुन्ने दृष्टिकोण र व्यवहार गर्न सरकारलाई गम्भीर रूपमा आग्रह समेत गर्दछौं ।'

उद्यमी व्यवसायीलाई धरपकड गर्दा अर्थतन्त्रमा गम्भीर संकट पर्ने बताउँदै भनिएको छ, 'उद्यमी व्यवसायीहरूले अनुसन्धानलाई सघाउन आफू पूर्ण तयार रहेको र प्रहरीले बोलाएको समयमा उपस्थित हुने जानकारी गराउँदा गराउँदै पनि आर्थिक कसुरकै अभियोजनमा पक्राउ गरिनुले समग्र निजी क्षेत्रलाई चिन्तित बनाएको एवं दुःखी बनाएको छ ।

उद्यमी व्यवसायीलाई यसरी धरपकड हुँदा व्यक्ति मात्र नभई लाखौं रोजगारी, आपूर्ति श्रृखला, बैंकिग क्षेत्र र सम्पूर्ण प्रणालीमै गम्भीर धक्का पुग्न गै अर्थतन्त्र गम्भीर संकटमा पर्ने तर्फ हामी पुनः ध्यानाकर्षण गराउँदछौ ।'

नेपाल सरकारले निजी क्षेत्रको योगदानलाई महसुस गरी हाल नीति तथा कानुन निर्माणमा निजी क्षेत्रलाई समेत सामेल गराउन थालेकामा आफूहरू सकारात्मक रहेको बताउँदै उनीहरूले निजी क्षेत्रको सुरक्षा र प्रवर्द्धनका लागि मन्त्रीपरिषद्ले निजी क्षेत्र संरक्षण एवं प्रवर्धन रणनीति तयार पारेपनि धरपकडले थप सशंकित बनाएको विज्ञप्तीमा उल्लेख छ ।

कसुर प्रमाणित भए दोषी व्यक्ति कारबाहीको भागिदार हुनुपर्छ भन्नेमा निजी क्षेत्रको कुनै विमति नरहेको बताउँदै नेपालको संविधानले दिएको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने व्यवस्थाको स्मरण गराउँदै यसबारे सरकार गम्भीर हुनुपर्ने उनीहरूको भनाइ छ ।

विगत चार वर्षदेखि शिथिल बन्दै गइरहेको अर्थतन्त्र नयाँ निर्वाचन पछि आएको दुई तिहाइको सरकारले लिने नीति र व्यवसायीमैत्री व्यवहारपछि अर्थतन्त्र गतिशील बन्ने अपेक्षाबिच यस्ता गतिविधिले लगानी अभिवृद्धि गर्ने, लगानीकर्ता सुरक्षित महसुस गर्ने विषयमा कमजोर भएको उनीहरूको भनाइ छ ।

# कच्चा पदार्थको अभावमा हेटौंडा सिमेन्ट उद्योग बन्द

■ **प्रभाव संवाददाता**

**बागमती–** लामो समयदेखि आर्थिक संकट व्यहोर्दै आएको हेटौंडा सिमेन्ट उद्योग कच्चा पदार्थ अभावमा बन्द भएको छ । गत महिना क्लिंकर उत्पादन गरेको उद्योगले कच्चा पदार्थ नपाएपछि उत्पादन बन्द गरेको हो ।

'हामीसँग कोइला, ढुंगालगायत कच्चा पदार्थ छैनन् । तत्काल कच्चा पदार्थ आउने सम्भावना पनि छैन, कच्चा पदार्थका लागि सम्झौता भए पनि रकमको अभाव देखाउँदै ठेकेदारले कच्चा पदार्थ ढुवानी गर्न नसकेकाले उद्योग बन्द गर्नुपरेको छ', उद्योगमा भएको कच्चा पदार्थबाट पाँच हजार टन क्लिंकर उत्पादन गरेर अहिले सिमेन्ट 'प्याकेजिङ' भइरहेको उद्योगका सहायक प्रबन्धक भक्तिराम श्रेष्ठले भने । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमताको उद्योग सधैं बन्दप्रायः छ ।

क्लिंकर उत्पादनका क्रममा उद्योगको मेसिनमा केही समस्या आएकोले मेसिनको मर्मतको भइरहेको छ । अर्थाभावमा कर्मचारीले १० महिनादेखि तलब पाएका छैनन् । उद्योगमा १६६ जना स्थायी, १०० दैनिक ज्यालादारी र ५२ जना सुरक्षाकर्मी छन् । विसं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो ।

# चियाको व्यावसायिक उत्पादन सुरु

**त्रिशूली (नुवाकोट)–** नुवाकोटको पञ्चकन्या गाउँपालिकाले बाँझो जग्गामा लगाएको चिया खेतीको व्यावसायिक उत्पादन सुरु भएको छ । गाउँपालिकाको वडा नं ४ स्थित घ्याङस्वारामा तीन वर्षअघि रोपेको चियामध्ये करिब १३ हजार बिरुवाबाट उत्पादन सुरु भएको गाउँपालिका अध्यक्ष तेजबहादुर तामाङले जानकारी दिए ।

उनका अनुसार पहिलो पटक पातको प्रशोधनमार्फत उत्पादन सुरु भएसँगै 'घ्याङस्वारा अर्गानिक चिया' को व्यावसायिक उत्पादन सुरु गरिएको छ । 'ट्रेडमार्क, अनुज्ञापत्रसहितको कानुनी प्रक्रियाको चरणमा भएकाले बजार (उपभोक्ता) समक्ष पुऱ्याउन केही समय लाग्नेछ,' अध्यक्ष तामाङले भने, 'शतप्रतिशत अर्गानिक उत्पादित चियाको सम्बन्धित निकायमा गरिएको गुणस्तर परीक्षणको प्रारम्भिक नतिजामा अर्थोडक्स मध्येमा 'उत्कृष्ट' रहेको नतिजा आएको छ ।'

तीन वर्षअघि पञ्चकन्या-४ स्थित 'घ्याङस्वाराको बाँझो रहेका तथा झारपातले ढाकिएका सार्वजनिक जग्गालाई कृषि योग्य बनाइ यहाँका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थीसहितको सयौं स्थानीयवासीको श्रमदानबाट रोपिएका चियाबाट उत्पादन सुरु भएसगैं गाउँपालिका उत्साहित भएको छ ।

उक्त क्षेत्रको ३३२ रोपनीमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगार सेवा केन्द्र पञ्चकन्याको समन्वयमा अहिले ८३ हजार बिरुवा उत्पादन दिन तयार भएको रोजगार संयोजक सरोजकुमार खातीले जानकारी दिए । उनका अनुसार अहिले १२ हजार ५० बिरुवाबाट टिपिएको पातलाई चिया तथा कफी विकास कार्यालय ककनीमा प्रशोधन गरिएको हो ।

परीक्षणका लागी १५ किलोग्राम पातको प्रशोधनमा तयारी चिया तीन किलो उत्पादन भएको छ । यसको गुणस्तर उच्च पहाडी एवं हिमाली क्षेत्रमा उत्पादन हुने अर्थोडक्स चियामा उत्कृष्ट रहेको उल्लेख छ । कानुनी प्रक्रिया पूरा भएसँगै 'घ्याङस्वारा अर्थोडक्स चिया' को व्यावसायिक उत्पादन, मूल्य निर्धारणपश्चात बजार पठाइने रोजगार संयोजक खातीको भनाइ छ ।

'समुन्द्री सतहबाट एक हजार ८०० देखि दुई हजार २०० मिटर उचाइमा चियाको व्यावसायिक उत्पादनसँगसगैं स्थानीय किसानलाई अनुदानमा वितरण गर्न ८४ हजार बिरुवा तयार भएका छन्', उनले भने, 'यस क्षेत्रमा रोजगार सिर्जनामार्फत कृषिमा रूपान्तरण गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिने उद्देश्यले सुरु गरिएको चिया खेतीको उत्पादनले घ्याङस्वारालाई छोटो अवधिमा नै परिवर्तनको रूपान्तरणमा योगदान पुगेको छ ।'

## झिनो अंकले बढ्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अंकको सुधार देखिएको छ । शुक्रबार नेप्से परिसूचक एक दशमलव ५४ अंकले बढेर दुई हजार ७८८ दशमलव ७० को बिन्दुका कायम भएको हो । यो शून्य दशमलव शून्य पाँच प्रतिशतको वृद्धि हो । विगत चार कारोबार दिनयता गिरावट आएको शेयर बजारमा आज झिनो अंकको सुधार देखिएको हो ।

अघिल्लो दिन नेप्से परिसूचक दुई हजार ७८७ को बिन्दुमा पुग्दा रु पाँच अर्ब नौ करोड ५९ लाख पाँच हजार ७५७ दशमलव १७ को कारोबार भएको थियो । रु पाँच अर्ब २७ करोड तीन लाख ९९ हजार ७२७ दशमलव ६४ को कारोबार भएको छ ।

८८ कम्पनीको शेयर मूल्य बढेको छ भने १६७ कम्पनीको मूल्य घट्नुका साथै १४ कम्पनी स्थिर रहेका छन् । ३५१ कम्पनीको एक करोड २१ लाख ७४ हजार ५१६ कित्ता शेयर ७५ हजार २२९ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २७ करोड तीन लाख ९९ हजार ७२७ दशमलव ६४ को कारोबार नेप्सेले जनाएको छ ।

**मानसिक स्वास्थ्यप्रति सचेत बनौं ।**

**मानसिक समस्याका लक्षणः**

- निराश हुनु,
- तनाव तथा चिन्ता महसुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

**मानसिक समस्या निदानको लागिः**

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

**आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




**प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित** **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ